# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

मंसीर पूर्णिमा



ल. पु. मा ४ वटा अशोक स्तूप मध्ये एक

वर्ष– १४ अंक– ८ वार्षिक रू. ३५/– मूल्य रू. ४/–

DHARMAKIRTI

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

हलुवाई, श्रीमती प्रज्वला शाक्य, हीरामाया शाक्य। तृतीय श्रेणी—अमीत श्रेष्ठ, अनिल श्रेष्ठ र आशिष श्रेष्ठ।

कक्षा २ —प्रथम श्रेणी—संदीप शाक्य, दीपक शाक्य, अयुष्मा शाक्य, अविरल शाक्य। द्वितीय श्रेणी—सुस्मिता ताम्राकार, अमीत निरौला।

कक्षा ३— प्रथम श्रेणी—दीपा शाक्य, द्वितीय श्रेणी—श्रीमती विजया लक्ष्मी शाक्य।

## त्रिपिटक पाठ र धार्मिक प्रवचन

दोलखा, श्यामा गा. वि. स. वडा नं. ४ सोग दोपा सम्तेन क्षोस्लिङ गोम्पामा कार्तिक पूर्णिमादेखि कृष्णपक्षको सप्तमीसम्म त्रिपिटक पाठ र धार्मिक प्रवचन सम्पन्न भएको समाचार प्राप्त भएको छ। दोलखा, डोल्पा, रामेछाप र काठमाडौं आदि जिल्लाका प्र. लामा र टापाहरूले भाग लिएका उक्त समारोहलाई सफल पार्न स्थानिय भक्तजनहरूले सशक्त जिम्मेवार निभाएका थिए। सो समारोहमा सम्तेन क्षोस्लिङ गोम्पाका प्रमुख लामा आचार्य ङवाङ वोशेर लामाज्यूले प्रवचन दिंदै सद्गुणले परिपूर्ण हुनुभएका सर्वज्ञ र करुणाले युक्त हुनुभएका बुद्धको गुण स्मरण गर्नुभएको थियो।

## बौद्ध जागरण तथा लामा प्रशिक्षण शिविर

सिन्धुपाल्चोक (मंसीर ५–१०) सम्म टाशी क्षोलिङ चुगलम गोम्पा तथा हिमाली बौद्ध प्रातष्ठानको तत्वावधानमा बौद्ध जागरण तथा लामा प्रशिक्षण शिविर संचालन भएको समाचार प्राप्त भएको छ। नेपाली कांग्रेसका सभापति गिरिजा प्रसाद कोइरालाले उद्घाटन गर्नुभएको उक्त शिविरमा ७ जिल्लाका जम्मा १२५ जवान प्रमुख लामा र सहायक लामाहरूले भाग लिएका थिए। ६ जवान प्रशिक्षकहरूले प्रशिक्षण दिएको उक्त शिविरमा भिक्षु ङवाङ वोशेरले ३ दिनसम्म लगातार प्रशिक्षण दिनुभएको थियो।

## मोनलम (प्रणिधन)

काभ्रेपलाञ्चोक, (मंसीर ५–१०) सम्म तामाङ लामाहरूको सक्रियतामा "मोनलम" (प्रणिधन) आयोजना गरेको समाचार प्राप्त भएको छ। भूमिसुधार मन्त्री श्री बुद्धिमान तामाङले उद्घाटन गर्नुभएको उक्त प्रणिधन समारोहमा विभिन्न जिल्लाबाट २००० जति लामा गुरुहरूले भाग लिएका थिए। समापन समारोहमा प्रवचन गर्नुहुँदै आचार्य प्रमुख लामा ङवाङ वोशेरले व्यवहारवादी बौद्ध हुनका लागि प्राणी हिंसा, जाँड रक्सी र विलाशीपन जस्ता कुबानीहरू त्यागी रीस, अज्ञानता र असन्तोषीपना हटाउने कार्य गर्नु पर्दछ भन्नुहुँदै पञ्चशील र बौद्ध धर्मको समसामयिक विषयमा व्याख्या गर्नुभएको थियो। × × ×

## ज्ञानमाला बौद्ध–जागरण बुद्ध–पूजा

ज्ञानमाला भजन खलः स्वयम्भू येँपाखें संचालित कार्यक्रम बहाःपूजा जूथाय्तक विभिन्न रचनात्मक ज्याया उपलब्धीत थुकथं जूगु समाचार दु।

(१) ज्ञानमाला बहाःपूजा याःवइगु सुथं थ्वनेबं व थासय् सुचुपिचु याय्गुनिसें त्वाःबहाःया दाजुकिजापिं छ्यी छ्यपाय् जुया ज्या याःगु खनेदत।

(२) थःथःगु बाहाःबही सुरक्षा, संरक्षण, विकास व सम्बर्द्धनया निंतिं संघ संस्था चाय्काः छ्याय् मुनेगु व ज्या जूगु खनेदत।

(३) थःथःगु बाहाःबहीया म्हसीका (परिचय, इतिहास) मालाः ग्यंकेगु व कनेगु निंतिं मालेज्या जूगु खनेदत।

(४) बाहाःबही स्यनात्वंगु न्हूथाः (जीर्णोद्धार) याय्गु, फोहर चीकेगु, लँ दय्केगु व रंगरोगन याःगु नं खनेदत।

(५) ज्ञानमालां बाहाःपूजा यानाः ज्ञानमाला जः पासापिं नं छ्याय् मुनेगु, मस्यूगु, मन्यनागु, थाय्बाय् थःगु मिखां स्वय्गु अवसर चूलातसा सामान्य ज्ञान–धुकू थनेगु नं ज्या जुल। थ्व तःजिगु व तःधंगु उपलब्धी खः।

(६) ज्ञानमाला बाहाःपूजाया हुनिं ज्ञानमाला छुखः धयागु आपाःसिनं सिल, थुलसा थी थी बाहाःबही नापया स्वातुगु स्वापुतिं ज्ञानमाला राष्ट्रिय सम्मेलन सफल जुल।

आः स्वस्वगु बौद्ध–जागरण बुद्ध–पूजा प्रत्येक पुन्हीया न्हापांगु शनिवाः खुन्हु शुरु जुया च्वंगु दु।

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित

व्यवस्थापक
चिनीकाजी महर्जन

ने० सं० १११७

सम्पादक
अ. वीर्यवती

बु० सं० २५४०

प्रधान सम्पादक
भिक्षु अश्वघोष
फोन- २२७१५०

प्रकाशक व विशेष सल्लाहकार
अनगारिका धम्मवती

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
काठमाडौं
फोन : २२०४६६

पोष्ट बक्स नं. ४९९२

# धर्मकीर्ति

## ( बौद्ध मासिक )

# THE DHARMAKIRTI

DECEMBER 1996

वर्ष–१४ | अंक–८ | योमह्लिपुन्ही | मंसीर २०५३




जो अभिवादनशील र सधैं वृद्धहरूको सेवा गर्ने खालको छ, तिनको यी चारै धर्म बढदछन्– आयु, वर्ण, सुख र बल ।

★★★

एक दिनको सदाचारयुक्त भई ज्ञानपूर्वक बाँच्नु सय वर्षको सदाचाररहित र अनुशासनहीन जीवनभन्दा उत्तम हो ।

★★★

अनुचित र अहितकर कर्महरू गर्न सजिलो छ । हितकर र शुभ कर्म गर्नु साह्रै कठिन छ ।

★★★

Downloaded from http://www.dhamma.digital

# धम्मपद – ९१

– रीना बनिया

"यो चे वस्ससतं जीवे – कुसीतो हीनवीरियो।
एका'हं जीवितं सेय्यो – विरियमारभतो दल्हं ॥"

अर्थ – "अलसी र उत्साहहीन भएर सय वर्षसम्म बाँचिरहनु भन्दा दृढ उद्योगी बनी एकदिन मात्र बाँच्नु नै श्रेष्ठ छ।"

घटना—श्रावस्ती नगरका एक व्यक्ति भगवान् बुद्धको धर्मोपदेश सुनेर प्रव्रजित भएछ। प्रव्रजित पछि उसको नाम सप्पदास स्थविर रह्यो। तर उपसम्पदा भएर केही समयपछि सप्पदास स्थविरलाई भिक्षु जीवन-देखि उदास लाग्न थालेछ। फलस्वरूप कुनै पनि धार्मिक कार्यहरू उत्साहपूर्वक गर्न मन नलागी सधैं आलस्य लाग्न थाल्यो। बरू प्रवज्या भेषमै मर्नु उचित ठानी सधैं मर्ने उपाय खोज्दै हिंड्न थालेछ।

एकदिन विहारमा आएको सर्पलाई भिक्षुहरूले समाती टोकरीमा छोपेर फाल्नको लागि लग्दै थिए। सप्पदास स्थविरले यो कुरो थाहा पाई त्यही सर्पले डसाएर मर्नुपर्‍यो भन्ने विचार गरी ती भिक्षुहरूसँग आफुले सर्प पर्याँक्न जाने अनुरोध गरी टोकरी लिएर हिंडेछ। एकान्त ठाउँमा पुगेर टोकरी खोलेर सर्पले डसाउनको लागि आफ्नो हात सर्पको मुखसम्म पुर्‍याउन लग्यो। तर अचम्म! त्यस सर्पले उसलाई डसेन। सप्पदास स्थविरले जति प्रयास गरेपनि सर्पले छुँदै छोएन। निराश बनी सर्पलाई त्यहीं फालेर विहारमा फर्क्यो।

एकदिन विहारमा हजामले भिक्षुहरूको कपाल खौरनको लागि दुई चारवटा छुरा लिएर आएको थियो। हजामले भिक्षुहरूको कपाल खौरंदै थियो। त्यही मौका छोपी सप्पदास स्थविरले भुइंमा राखिछोडेको एउटा छुरा लिएर चुरचापसँग विहारको बाहिर गएछ। मर्ने उपाय खोज्दै हिंडेको सप्पदास स्थविरले एउटा रूखमा आफ्नो टाउको अडेस लगाएर गर्दनमा छुराले काट्न ठीक परेछ। त्यही समयमा उसको मगजमा आफु उपसम्पदा भएदेखि शील परिशुद्ध गरी पालन गर्दै आएको पवित्र कार्य र पवित्र व्यवहारहरूको सम्झना आउन थाल्यो। यो पवित्र कार्यहरूको सम्झनाले गर्दा उनको मन प्रसन्न भयो। मन प्रसन्न भएको कारणले शरीरभरि प्रीति फैलियो। फलस्वरूप त्यही समयमा उसले विदर्शना भावना वृद्धि गर्दै प्रतिसम्भिदा सहित अरहन्त फल (मुक्ति फल) प्राप्त गरे। अनि प्रसन्न र निर्दोष चित्तले हातमा छुरा लिएरै विहारभित्र पस्यो।

यसरी हातमा छुरा लिएर विहारमा पसेको सप्पदासलाई अरू भिक्षुहरूले देखेपछि उसलाई सबैले कहाँबाट आउँदैछौ भनी आश्चर्यपूर्वक सोध्न थाले। सप्पदास स्थविरले धेरै दिनदेखि आफू मर्नको लागि प्रयासरत रहेको तर मर्न नसकेको र त्यसदिन पनि हजामको छुराले घाँटीमा रेटी मर्न खोज्दा खोज्दै आफ्नो परिशुद्ध शील पालनको सम्झनाले गर्दा ज्ञान प्राप्त भई अरहन्त हुन सकेको कुरा बताए। तर भिक्षुहरूले उसको यस कुरालाई पत्याउन सकेनन् र भगवान् बुद्ध समक्ष सप्पदास स्थविरले झूठो कुरो गरेको भनी उजूर लगाउन पुगे। उनीहरूको उजूरी सुनेपछि भगवान् बुद्धले भन्नुभयो —"हे भिक्षुहरू हो! क्षीणाश्रव भइसकेको व्यक्तिले कहिल्यै पनि शस्त्र हातमा लिएर आफ्नो जीवन खत्तम पार्दैन।"

यो उपदेश सुनी भिक्षुहरूले भगवान् बुद्धसँग फेरि प्रश्न गरे—"भन्ते यो भिक्षुले छुरा गर्दनमा राख्दा राख्दै अरहन्त भएँ भन्छ। त्यति क्षणभरमा पनि कसैले अरहन्त मार्ग साक्षात्कार गर्न सक्छ र?"

यो कुरो सुनी भगवान् बुद्धले फेरि भन्नुभयो— "हो भिक्षुहरू! उद्योगी भएर प्रयास गरेको खण्डमा आफुले भूमीबाट उचालेको खुट्टाले फेरि भूमिमा टेक्न नपाउँदै त्यहो क्षणमा पनि अरहन्त फल साक्षात्कार गर्न सक्नेछ। त्यसैले अलसी भएर दिन बिताउने व्यक्ति एक सय वर्षसम्म बाँच्नुभन्दा उद्योगी र मेहनती व्यक्ति क्षणभर मात्र बाँच्नु पनि उत्तम छ।"

यसरी यी कारणहरू मिलाई धर्मदेशना गर्नुहुँदै भगवान् बुद्धले उपरोक्त गाथा भन्नुभएको हो।



Downloaded from http://www.dhamma.digital

# "दान, शील, भावना"

– सुनिता बज्राचार्य

धर्म गर्नु यस लोक र परलोक दुवै सुधार्नु हो। धर्म गर्नु भनेको आफ्नो स्वभाव सुधार्न, अकुशल कर्म नगर्ने र मनलाई वशमा राखनुको साथै प्रतिक्षण मनलाई परिशुद्ध गर्न प्रयत्न गर्नु हो। यसबाट सुख शान्ति प्राप्त हुन्छ।

यसैगरी दान दिनु, शील पालन गर्नु र भावना अथवा ध्यान गर्नु उत्तम मंगल हो। दान दिनाले त्याग भावना वृद्धि हुन्छ। आशक्ति कम हुनुको साथै दान पारमिता पुष्ट हुन्छ। दान गर्नाले भोग सम्पत्ति वृद्धि हुन्छ। सुख शान्ति प्राप्त हुन्छ। दुर्गतीको भयबाट मुक्त हुन्छ। शील पालन गर्नाले रोग व्याधि लाग्दैन, अकालमा मर्नु पर्दैन। मन पर्नेसँग छुटेर बस्नु पर्दैन साथै शील पालन गर्नाले रूप सम्पत्ति बढ्दछ। शील नै सौन्दर्यको गहना हो। यहाँ एउटा घटना स्मरण गर्न चाहन्छु – एक राजा थिए। एकदिन राजाको मनमा एउटा बिचार उठ्यो सबै रानीहरूमा सबभन्दा रूपवती अथवा सुन्दरी को होला? सो बिचार अनुसार राजाले आफ्नो रानीहरूलाई शृङ्गारेर राजदरबारमा उपस्थित गराइए। राजाको आज्ञा अनुसार रानीहरू राम्रो राम्रो गरगहना र आभूषण, वस्त्रले शृङ्गारेर उपस्थित भए। राजाले शृङ्गारेर उपस्थित भएका सबै रानीहरूलाई हेरे। तर आश्चर्य कान्छी रानी सादा पोषाकमा उपस्थित थिइन्। राजाले कान्छी रानीलाई सोध्यो सादा पोषाक लगाएपनि सबभन्दा सुन्दर देखिएको छौ यसको रहस्य के हो? रानीले उत्तर दिइन्, महाराज मेरो सौन्दर्यको रहस्य नै धर्म आचरण र शीलको पालन हो। शील नै मेरो गरगहना, आभूषण र वस्त्र हो। यो कुराबाट स्पष्ट हुन्छ कि शील पालन गर्नेहरूसँग रूप सम्पत्ति प्राप्ती हुन्छ।

यसैगरी भावना गर्नु अथवा ध्यान गर्नाले दुःखबाट मुक्ति पाउन सकिन्छ। दुःखको कारण पत्ता लगाएर, यसबाट मुक्त हुने मार्ग नै ध्यान भावना हो। ध्यान गर्नु भन्नाले चित्तलाई एकाग्रह गरी वशमा पार्नु हो। ध्यान गर्नाले समाधी बलियो हुन्छ। यसरी हरेक काम गर्दा स्मृतिवान भई होशपूर्वक गरेमा सधैं सफलता नै प्राप्त हुन्छ। यसरी ध्यान भावना गर्दै गएमा आठ प्रकारको दु खबाट मुक्त हुन्छ।

ध्यान गर्दा शील पालन गर्नु पर्दछ। शुद्ध शील पालन गर्दा समाधि बलियो हुन्छ। समाधिमा पुष्ट भएपछि प्रज्ञावान भइन्छ। प्रज्ञा भनेको भित्री ज्ञान प्राप्त हुनु हो। भावना गर्दा नै जीवनमा आउने समस्याहरूको समाधान गर्न सकिन्छ। शील, समाधि र प्रज्ञा ध्यान मार्गको महत्वपूर्ण खुड्किलो हो। 卐

---

# उजागर

– शंकर थापामगर
नयाँगाउँ, भुलपानी–६, धादिङ्ग

अशान्ति भित्र पिर्लिदै छ समाज  
मानव नाता टुट्दै छ अगाध  
दुष्कर्म बढ्छ स्वतन्त्रको नाउँमा  
तृष्णाले मर्छ कयौं यो ठाउँमा  
आँखाले देख्ने सब हुन् अनित्य  
प्रज्ञाको दीयो झुल्काउ नित्य  
राग, द्वेष मोहादिबाट  
आक्रान्त बन्छ मान्छे मान्छेबाट  
नगरौं सुती नगरौं अबेर  
पालना गरौं बुद्धको उपदेश  
अनि खुल्छ ज्ञान जीवनछ सार्थक  
नित्य (अमर्त्य) बुद्धको उपदेशबाट  
चाहान्छ सारा बुद्धको त्यो पुण्य  
बुद्धको शान्ती दीप बिना सबै पिरिन्छ  
त्यसैले जाऔं उजागर गर्दै  
एकाग्र तन मन बुद्धमा धर्दै ॥



Downloaded from http://www.dhamma.digital

# यसरी पो मनु !

— विश्व शाक्य

विगत महिना दिनदेखि क्याथोलिक फादर पलको शुभेच्छा अनुसार उहाँले नै उपलब्ध गराई दिनुभएको एउटा कोठामा विपश्यना साधना गर्दै आइरहेका छौं । बगाले टोलमा स्थित यो साधना कक्षमा हामी केही साधकहरू नियमित बेलुकी ५ बजेदेखि ६ बजेसम्म र प्रत्येक शनिबार दिउँसो ३ बजेदेखि ४ बजेसम्म सामूहिक साधना गर्दै आइरहेका छौं ।

आज पनि नियमित समयमा हामी (म र मेरी श्रीमती बुलू शाक्य) विपश्यना साधना कक्षमा पुग्यौं । आज शुक्रबार भएको हुँदा फादर पल हुनुहुन्थेन । उहाँ सधैं शुक्रबार केटाकेटीहरूलाई प्रार्थना सिकाउन सेन्टमेरी जानु हुन्थ्यो । तिहार भोली पर्सिबाट शुरु हुने भएर हो कि क्या हो अरू पनि कोही आएनन् । ५ बजे हामी कोठाभित्र पस्यौं । कोठाभित्र अगाडि झ्यालमा हिजो अस्ति हरियो पर्दा झ्यालमै टाँसेको हुन्थ्यो । आज अगाडि झुण्डिएको देख्यौं । झ्याल वरपर रातो कपडा टाँसेर सिंगारिएको देखियो । मेरी श्रीमतीले के रहेछ भनेर पर्दा उघारेर हेरी । झ्यालको भित्तामा झुण्डिएको जेसस्को क्रूस रहेछ । धातुबाट निर्मित सुन्दर क्रूस । क्रूसको मुनि झ्यालमा मेरियमको सुन्दर सेतो मूर्ति राखिएको रहेछ । २।४ वटा स-साना जल राख्ने भाँडाहरू पनि रहेछन् । जेसस्को क्रूस विपश्यना साधना कक्षमा अप्रत्यासित रूपमा देख्नुपर्दा शुरुमा मन अकमकायो । असजिलो, साँघुरिएको कस्तो कस्तो अनुभूति भयो । मेरी श्रीमतीले प्वाक्क भनिपनि हाली—"होइन यहाँ त क्राइष्टको मूर्ति राखिएको छ, विपश्यना साधनाको नाममा इसाई धर्म प्रचार गर्ने मेसो गर्न लागेको त होइन ?" मैले त्यसको जवाफ यसै भनेर दिन सकिन । यो त समयले नै बताउला भन्ने मनमा लाग्यो । कताकता मनले असजिलो मानिरहेको अनुभूति पनि भैरह्यो । किनभने विपश्यना आचार्य प्रातस्मरणीय गुरु सत्यनारायण गोयन्काज्यूको पनि स्पष्ट निर्देशन रहेको छ कि विपश्यना साधना स्थलमा कुनै प्रकारको वाद वा सम्प्रदायको भनक आउन नदिनु । त्यही भएर साधना स्थलमा स्वयम भगवान् गोतम बुद्धको प्रतिमा समेत राख्ने गरिएको पाइँदैन । यस अर्थमा जेसस्को क्रूस अगाडि झ्यालमा झुण्डिरहनुले मनलाई प्रभावित तुल्याउनु अस्वभाविक पनि थिएन ।

त्यहाँ हामी दुईजना मात्र थियौं । हामी नियमितरूपमा साधनाको क्रममा आउँछौं । आज पनि आयौं र बस्यौं । साधनामा मन एकाग्र भएपछि अगि बिटुलिएको मन शान्त भयो । एकघण्टा पछि उठ्दा मन हल्का भएको अनुभव भयो । अगिको जस्तो असजिलो पनि हट्यो । अगि शुरुमा जेसस्को क्रूस देख्दा मन जसरी अनकनाएको थियो, विचलित भएको थियो, अहिले त्यसो भएन । यसको विपरित मन श्रद्धाले पुलकित भयो । क्रूसमा झुण्डिएको जेसस्को त्यो प्रतिकृतिले मनमा सम्वेग जगायो । एउटा आस्थाको सम्वेग । दयाको सम्वेग । मैत्रीको सम्वेग । करुणा र प्रेमको सम्वेग ।

विपश्यना साधना शिविरमा पहिलो पटक सहभागी हुन जाँदा विपश्यना प्रदान गर्ने दिन भगवान् बुद्धको वर्णन गुरुले गर्नासाथ मनमा यत्ति विग्न सम्वेग जागृत भएको थियो कि मेरा दुबै नयनबाट अस्रु धारा बगेको थियो । मानौं मेरो सामिप्यमै उभिएर भगवान्



Downloaded from http://www.dhamma.digital

गौतम बुद्धले मलाई दया, मैत्री, करुणापूर्वक विपश्यना प्रदान गरिरहनु भएको छ । त्यसपछि आज दोस्रो पटक क्रूसमा झुण्ड्याइएको जेससलाई देख्दा मनमा सम्वेग जागृत भयो र मन श्रद्धाले पुलकित भयो । जेसस्को यो प्रतिमूर्तिलाई देखेर मैले एकाएक सम्झन पुगें, जसबारे बाइबलको लूका २३–३४ मा उल्लेख गरिएको छ— "यशूले भन्नुभयो —हे पिता ! तिनीहरूलाई क्षमा गर्नु होस्, किनकि तिनीहरूले के गरिरहेछन् तो जान्दैनन् ।"

यो बचन जेसस्ले त्यस्तोबेला बोलेका बचन हुन् जुनबेला षद्यन्त्रकारीहरूले कुटिलतापूर्वक क्रूसमा उनलाई किल्ला ठोकेर झुण्ड्याउँदै थिए । आफूलाई किल्ला ठोकेर झुण्ड्याउने निर्दयी निष्ठुरीहरूप्रति पनि उनको त्यत्रो दयाभाव थियो । उनको त्यत्रो करुणाभाव थियो । त्यत्रो मैत्रीभाव थियो । जतासुकै शरीरमा किल्ला ठोक्दा आह सम्म नगरी उनले परमगति प्राप्त गरे । मर्नुमा उनमा किञ्चित मात्र पनि दुर्भाव थिएन । क्लेशभाव थिएन । द्वेषभाव थिएन । उनी हाँसी हाँसी मरे । सबैको भलाई र कल्याण चिताउँदै मरे । वास्तवमा मर्नु भनेको यसरी पो मर्नु !

मनमा यी कुराहरू के उठेका थिए शरीरमा धर्म सम्वेग यत्ति विग्न जाग्यो कि शिरदेखि पैतालासम्म शरीर सिरिङ्ग भएर आयो । मनमनै मंगल मैत्री संगसंगै साधुकार दिएर बाहिर निस्कें । मेरी श्रीमती त आधा घण्टा हुँदा नहुँदै अगिनै बाहिर निस्किसकेकी रहिछे । साधना कक्षबाट बरैसम्म आइपुग्दा पनि मनमा एउटै तर्कना आइरहेको थियो खासमा मर्नु भनेको यसरी पो मर्नु !

★★★

# व्यवहारे दुने चतुब्रम्ह विहार

— अमृतमान शाक्य
इतुम्बाहा (ऋवाबाहा)

मैत्रीया प्रभावं
मतिना जुल छनाप
छंगु करुणांजागु बोलिं
जि मुदितां भयवि ।

छंके रूप मैत्री भयवि
सकलें छन्त खनेव
मोहले दुव्यू
तोते मखु थो चित्त

छंगु मैत्रीया बलं
जित करुणां भयव्यू
सिनावने मागु शरीर जुसां
तोते मफू थ्व मनं ।

मैत्री, करुणा मुदिता उपेक्षा
परिपूर्ण जू छंके
रूप जक मखु
यौवन नं दु छंके ।

अनित्य दुःख अनात्मा
जिं मस्यू छुं हे
दुःख जुइ छन्त
मतिना याना जिं छन्त ।

संस्कार दुने व्यवहार दु
सुख दुःख सदां दै
चतुरब्रह्म विहार पालन यायेगु
मनुष्यया धर्म खः ।

★★★



Downloaded from http://www.dhamma.digital

# यस युगमा धर्म प्रचार कसरी गर्ने ?

– भिक्षु विशुद्धानन्द

यस युग—नयाँ शिक्षा पद्धति, प्रजातान्त्रिक परिवर्तन, संस्कृति, परम्परामा जनचेतनाको विकाश, पत्र पत्रिका, रेडियो, टेलिभिजन आदि संचार साधनमा व्यापकता, विज्ञान तथा प्रविधिको खुलस्तरूपमा प्रयोग, बाह्य साम्प्रदायिक शिक्षाहरूको स्वतन्त्रता आदि विभिन्न कारणले हाम्रो देश पनि बदलिंदो परिस्थितिको माझमा पुगिसकेको छ । त्यसैले रूढीवादी पद्धतिको विनाश पूर्णतया नभए पनि नयाँ शिक्षा, समझदारी चिन्तनको खोजी भने सबैलाई आवश्यक भएको महशूस भएको छ । अतः आजको युग भन्नाले बाल्यवस्थाबाट जोश र जाँगरले परिपूर्ण युवावस्थामा प्रवेश गरेको युग हो । जसलाई नौलो मात्र नभएर शिक्षामूलक वा कल्याणकारी मार्गमा हिंडाउन सके हामी र हाम्रो समाज सही मार्गमा हिंड्न सक्दछ । यसको लागि सही मार्ग दर्शकको रूपमा धर्म नै लिन सकिन्छ । अन्य राजनीति अर्थनीति कुनैले पनि सही मार्ग निर्देशन गर्न सक्दैन ।

धर्म—साम्प्रदायिक परिभाषा वा रूढी परिभाषाले जे जस्तो अर्थ लाएता पनि सम्यक सम्बुद्धको निजी अनुभवमा आधारित गरेर भन्ने हो भने धर्म भन्नाले स्वभाव मात्र हो । सो आफै अर्थात् कुनै बाह्य कारण बिना, भाव=भइरहेको । अर्थात् स्वभाव भन्नाले आफ्नै आन्तरिक कारणले संचालन भइरहेको पद्धति विशेषलाई बुझाउँछ ।

यसै स्वभावलाई निचोडमा ल्याएर हेर्ने हो भने दुःख मात्र देखिन्छ । यसैको विकाश र सुधारको लागि दुःख मुक्तिको उपाय पाइन्छ । अर्को अर्थमा भन्ने हो भने धर्मको परिभाषा नै समस्या र समस्याको समाधान हो ।

सम्पूर्ण समस्याको केन्द्रबिन्दु नै मानिस हो । मानिस भन्नु पनि स्वभाव नै भएकोले त्यसै स्वभावको अध्ययन, स्वभाव उत्पत्तिको कारणले अध्ययन, स्वभावको निरोध वा विकाशको अध्ययन र स्वभाव निरोध वा विकाश गर्ने उपायको अध्ययन गर्नु नै धर्मको अध्ययन गर्नु हो । समस्यै समस्याले परिपूर्ण स्वभावलाई समस्या निराकरणतिर मार्ग खोज्ने हो भने हामी आठ अंगले युक्त मार्ग पाउन सक्छौं । जस्तै —

(१) प्रज्ञा—वास्तविक, यथार्थ, यथाभूत, स्वभावको कारण सहित ज्ञान, विश्लेषणात्मक अनुभव ज्ञान, अनुसन्धान प्रवृत्तिमूलक अन्वेषण युक्त, विवेक युक्त ज्ञानहरूलाई नै प्रज्ञा भनिन्छ । अतः समस्याको समाधान गर्न वास्तवमा समस्या के हो, कसरी उत्पन्न हुन्छ, के गर्दा निराकरण गरिन्छ, कसरी निराकरण गरिन्छ त्यसको पक्ष विपक्ष केलाउनु नै सम्यकदृष्टि वा प्रज्ञा उत्पन्न हुनु गराउनु नै समाधानको पहिलो कदम हो । समस्या वा यथार्थ नबुझी समाधान खोज्नु युक्तिसंगत मानिंदैन ।

(२) वितर्क समस्याबारे यथार्थ बोध भएपछि त्यसलाई निराकरण गर्ने लक्ष, योजना तयार गर्नु पर्दछ । के गर्दा निराकरण हुन्छ, त्यो गर्ने योजना वा लक्ष र के गर्दा निराकरणमा बाधा हुन्छ त्यो नगर्ने वा लक्ष तयार हुनुपर्छ । यसैलाई वितर्क वा सम्यक संकल्प भनिन्छ । अतः समस्या समाधान गर्न दोस्रो कदम समाधानको लक्ष वा योजना तयार गर्नु हो ।

(३) प्रयत्न—लक्ष्य तयारी पछि लक्ष्य प्राप्तिको प्रयत्न गरिनु पर्दछ । लक्ष्यमा बाधा हुने मानसिक कमजोरीहरू पनि हुन सक्छ त्यसलाई पनि हटाउने प्रयत्न गरिनु पर्दछ । यसैलाई प्रयत्न वा सम्यक व्यायाम



Downloaded from http://www.dhamma.digital

भनिन्छ। समाधान गर्न प्रयत्न नै नगरी समाधान हुन सक्दैन। अतः समाधानको महत्वपूर्ण पक्ष नै प्रयत्न हो। प्रयत्न गर्नमा आलस्य वा चञ्चलता आएमा प्रयत्न सही-रूपमा हुन सक्दैन र समाधान गर्न सकिँदैन।

(३) होशियारी—समाधान गर्न गरिएको कार्यान्वयन प्रयत्न ठीक वा बेठीक बारे सही जानकारी लिने, त्यसबारे सजग, सतर्क होशियार हुने, समिक्षा, मूल्याङ्कन गर्ने आदि स्वभाव, पद्धति वा गुणलाई स्मृति वा सम्यकस्मृति भनिन्छ। सहीरूपमा समिक्षा नभएमा वा होशियारी नभएमा अन्धा हिंडे जस्तै गलत गन्तव्यमा पुग्ने सम्भावना रहन्छ।

(५) लगनशीलता—समस्या समाधान प्रयत्न, होशीयारी आदि अवधिभित्र अनेकौं समस्या, बाधा आइपर्छ। कुनै विषय एक दुई पल्ट मात्र हैन हजारौं पटक पनि गर्नु पर्ने गरी स-साना असफलताहरू देखा पर्छन्। त्यसको लागि धैर्य लगनशीलता वा सम्यक समाधि आवश्यक पर्दछ। यसको लागि मूल्याङ्कन पछि असफल भएको थाहा हुनासाथ त्यसको कारण बुझी (सम्यक दृष्टि) फेरि सही ढंगले काम गर्ने लक्ष्य तयार गरी (सम्यक संकल्प) पुनः प्रयत्न (सम्यक व्यायाम) गरिनुपर्छ। पुनः मूल्याङ्कन गर्दा (सम्यक स्मृति) असफल भएको थाहा भएमा कहाँ कसरी असफल भयो त्यसलाई यथार्थ जानकारी गरी लक्ष्य सहित सच्याउने प्रयत्न गरिनुपर्दछ। यसरी पूर्णरूपेण सफलता हासिल नभएसम्म सत्यको खोजी, सुधार गर्ने काममा एक चित्त भै, संघर्ष गर्ने क्षमता, बाधाहरूसँग जुध्ने अठोटलाई निरन्तर रूपमा हताश नभई लगनशील भै काम गर्न सक्नुपर्छ। अर्थात् लक्ष्य प्राप्त नभएसम्मको अवधिभित्र कतै मानसिक कमजोरी आएर हताश, निराश हुनु परेमा लक्ष्य प्राप्तिबाट बञ्चित हुनु पर्छ समाधान हुन सक्दैन। त्यसैले समाधानको अन्तिम चरण लगनशीलतामा भर पर्दछ।

यीनै पाँच अंगलाई अर्थात् मानसिक गुणहरूलाई नै सफलता वा समाधानका मानवीय गुण वा आधार भनिन्छ। यी मानवीय गुण विकाश गर्नेहरूले लक्ष्य अनुसार सही वचन (सम्यक वचन) सही कर्म (सम्यक कर्मान्त) र सही आजीविका गरेकै हुन्छ। अतः यी धर्मका गुणहरूलाई ध्यान दिने हो भने असफलताबाट उत्पन्न हुने दुःखबाट मुक्त हुन चाहनेहरूले सफलता प्राप्त गर्न आफ्नै चिन्तन प्रयत्नमा भर पर्नु पर्दछ। यसको लागि अरू कसैले ठोस रूपमा सहयोग गर्न सकिन्न भने अर्कोतिर त्यस्ता बाह्य शक्ति वा उपायको स्तुति, पूजा पाठ, संस्कृति परम्पराको कुनै मूल्य रहँदैन। त्यसैले धर्मको सही परिभाषा मानव जीवनको रहस्यको अध्ययन र सफल मानव जीवनको विकाशको कारण नै भन्नु-पर्दछ। यहाँ कुनै बाह्य देखावटी विधि विधान, सम्प्रदाय पद्धतिको आवश्यकता वा सम्बन्ध देखिँदैन।

प्रचार—यीनै मानवीय गुणहरूलाई विकसित गरी मानव समाजलाई सुदृढ–स्वच्छ र सुहृदयी बनाउन जुन ढंगले अभिव्यक्त गरी शिक्षित गरिन्छ त्यसै पद्धति-लाई प्रचारको रूपमा लिनुपर्दछ। यसको लागि पनि सम्यक सम्बुद्धले दिनुभएको प्रचार पद्धतिलाई बुझ्न आवश्यक छ। जस्तै—

यसको लागि एक समन्वय समिति बनाएर त्यस अन्तरगत संस्थानहरूलाई समावेश गरेर प्रत्येक संस्थान-लाई वर्षको एउटा कार्यक्रम प्रस्तुत गर्ने जिम्मेवार दिइनु पर्छ। यसले गर्दा सांघिक भावनाको विकासको साथै प्रतिस्पर्धात्मक भावनाको विकासले मानव जीवन कति संघर्षशील छ भन्ने बोध गराउन सघाउ पुग्दछ भने, जीवन सफल पार्न आफैं जिम्मेवार रहेछ भन्ने कुरा बुझेर साम्प्रदायिक वा रूढी परम्परावादी संस्कृति पद्धतिलाई छाड्दै प्रजातान्त्रिक पद्धतिको विकास र अनुसरण गर्न थाल्नेछ। यसले सही प्रजातन्त्रको रूपरेखा तयार गर्दछ।

(१) जागरण—मानवीय गुणको रहस्य र यसको सुधार विकासप्रति सजग, सतर्क गराउने जागरण पद्धति हुनुपर्छ। यसको लागि ज्ञानको खोजीमूलक विशेषताहरूलाई प्रयोग गर्नु पर्दछ। जस्तै विद्यालय प्रचारका माध्यमहरू, गोष्ठी, सम्मेलन, बौद्धिक, शारीरिक प्रतिस्पर्धात्मक कार्यक्रमहरू। जस्तै खेलकूद,



Downloaded from http://www.dhamma.digital

सामाजिक सेवा, साहित्य, कला, वृद्धा, बालक आरक्षा, वातावरण राजनैतिक चेतना आदि विषय लिन सकिन्छ।

(२) धारण ज्ञानमूलक जागरणबाट मात्र पनि मानिसको जीवन सफल नहुने हुनाले शैद्धान्तिक मात्र होइन व्यवहारिकता पनि ल्याउन आर्थिक कार्यक्रम लागु गर्न पर्दछ। आजीविका बिना सही जीवन संचालन गर्न नसक्ने वा भोको व्यक्तिले मानवता नबुझ्ने वा सम्पूर्ण समस्याको जड भोक भएकोले आर्थिक समस्या समाधान गर्न पर्दछ।

विभिन्न प्रकारको रोजगारी पद्धति भएता पनि साधारणतया हाल देखापरेको घरघरमा आलु बेच्ने जस्ता कार्यक्रम गर्न बढी उपयोगी हुन्छ। कारण लगानी कम, आम्दानी ज्यादा, दोकान राख्न नपर्ने। समानसँग प्रत्यक्ष सम्पर्क, जीवन संघर्षमय छ बुझ्न सजिलो, शारीरिक प्रयत्नमूलक बोली बचनमा सुधार, नीति-ज्ञानमा विकाश भएकोले यस्ता ज्ञानमूलक जनसम्पर्क मूलक, कार्यक्रमले जनता छिट्टै चिन्तनशील, प्रयत्नशील र जनचेतना जागरित हुन्छन्। यस्ता व्यक्तिहरूको व्यवहारिक जीवन हुन्छ।

(३) समाज सेवा—मानव जीवन आर्थिक दृष्टिकोणले मात्र हेर्न हुंदैन। आखिर खान सुत्न पशुले पनि गर्ने हुनाले समाज सेवा वा त्यागमूलक जीवन नै सही मानविय जीवन भएकोले त्यागमय समाजसेवी जीवनको शिक्षा वा प्रेरणा दिइरहनु पर्दछ। यसको लागि गृह त्यागी (भिक्षु भिक्षुणी) जीवनको तालिम व्यवस्था हुनु पर्दछ। तालिमबाट प्राप्त ज्ञानबाट व्यवहारिक जीवनमा पनि साधारणतयालाई लाभ नै हुन्छ भने समाजलाई डोराउने नेतृत्व पक्षहरूलाई त्यागमय जीवन बिताउन सरल हुन जान्छ। जसको फलस्वरूप समाज सेवा मूलक कार्यक्रमहरू संचालन गर्ने तर्फ जनताको प्रेरणा जान्छ। यसैले समाजलाई मानसिक अशान्तिलाई कम गराउँदै पूर्णतया शान्ति तर्फ अग्रसर गराउँछ। यही नै सही समाजको लक्षण हो।

गृह त्यागी जीवनलाई त्यागमय जीवन बनाउन भिक्षाटन, चारिका कार्यक्रम र ध्यान अभ्यास अत्यावश्यक छ। यी गुणहरू विकास नगरेको गृह त्यागीहरू पनि पुरोहित झैं भोगी र गफाडी मात्र हुन्छन् सही त्यागी हुन सक्दैनन्। अतः त्यागीहरूले समाजप्रति अरूभन्दा पनि बढी सजग भएर, काम गर्न सक्नुपर्छ, नेतृत्व प्रदान गर्नुपर्छ। अन्यथा समाजलाई मानसिक अशान्ति रूपी दुःखबाट अलग्याएर शान्त मार्गमा लान सकिन्न। जुन गाउँको मुखिया उही बाटो हगुवा भने झैं त्यागीहरू नै अत्यागी भएपछि तृष्णा आदिको दुःखको भुमरीमा फसेको छ भने जन-समाजलाई कसले दुःख मुक्तको मार्गमा लान सक्छ र? अतः गृह त्यागी (भिक्षु, भिक्षुणी) नबन्ने वा भिक्षु भिक्षुणीलाई घृणा गर्ने व्यक्ति वा समाज पनि सही समाज होइन भने भएको गृह त्यागीहरू पनि समाजसेवी हुन सक्दैन भने त्यस्ता गृह त्यागी भएको व्यक्ति वा समाज पनि सही समाज होइन।

गृह त्यागीप्रति साधारण जनताको श्रद्धा जहींतहीं कायमै भएको तथ्यलाई ध्यानमा राखी भिक्षु भिक्षुणी-हरूले यस्तो सामाजिक सेवा कार्यक्रम समन्वय समितिको नेतृत्व गरिनुपर्दछ। विशेष गरी भिक्षाटन समेत गरी आर्थिक संकलन गरी सामाजिक समस्या समाधानको लागि सदुपयोग गर्नुपर्दछ।

निष्कर्ष—छोटकरीमा आजको युगमा धर्म प्रचार कसरी गर्ने भन्ने विषयमा समाजको समस्या र समाधान गर्न मानवताको गुण र गुणको विकासको लागि ज्ञानमूलक चेतनाको विकास गर्ने पद्धतिलाई नै प्रचारको रूपमा विकास गर्नुपर्छ। साम्प्रदायिक रूढीवादी वा तेरो मेरो भन्ने भावनाले ग्रसित कुनै पनि शिक्षा पद्धतिलाई प्रचारक रूपमा विकास गर्न युग सुहाउँदो प्रचार भन्न मिल्दैन। अतः समाजलाई आफू र समाज-प्रति सतर्क सजग गराउने र भविष्यको सन्ततिले नसराप्ने गरी वैज्ञानिकताले पूर्ण, अनुसन्धानमूलक, जनहित युक्त कुनै पनि पद्धतिद्वारा प्रचार प्रसार जन-चेतना अभिवृद्धि गर्न नै सही प्रचार तरिका हो।

(आनन्द विहार क्याम्पसको शुक्रबार धार्मिक छलफलमा प्रस्तुत लेख)



Downloaded from http://www.dhamma.digital

गत अंकको बाँकी अंश

# बुद्ध शासनमा नारीहरूको देन विषयक विचार गोष्ठीको समिक्षात्मक रिपोर्ट

प्रस्तुति – रीना बनिया

सुमन कमल तुलाधर ("बुद्ध शासनमा नेपालका अनगारिकाहरूको देन" विषयक तेश्रो कार्यपत्र प्रस्तुतकर्ता)

"मैले यहाँ बुद्ध शासन भन्दाखेरि थेरवाद बुद्ध शासनलाई मात्र लिएकी छु। भगवान् बुद्धको महापरिनिर्वाणको २०० वर्ष पछि भारतका सम्राट अशोकका छोराछोरीहरूले विभिन्न देशमा धर्म प्रचार गर्न गएपछि बुद्ध धर्मको व्यापक प्रचार भयो। इतिहासको विभिन्न समय अवधिमा बुद्धको धर्मलाई अरू धर्मले दबाउने कोशिश पनि भयो। १९ औं शताब्दिमा बुद्ध धर्मको व्यापक पुनरुत्थान भयो। यस पुनरुत्थानमा श्रीलङ्काका अनगारिक धर्मपालको ठूलो देन छ। यसबाहेक उनकी आमा मल्लिका हेवावितारण, उसलाई आर्थिक सहयोग दिने मेरि फोस्टर, ज्ञानको बाटो देखाउने ब्लाभात्सकीय आदि महिलाहरू पनि उल्लेखनीय छन्।

नेपालको सन्दर्भमा थेरवाद बुद्ध धर्मको पुनरुत्थानको कार्यमा क्यांछा लामा, धर्ममान साहु, भिक्षु महाप्रज्ञा आदि व्यक्तिहरूले महत्वपूर्ण कार्यहरू गर्नथाले। यस्तैबेला नेपालका पहिलो अनगारिकाहरू रत्नपाली, धर्मपाली, संघपालीहरूले अनगारिकाको रूपमा दिक्षित भएर यसतर्फ महिलाहरूको पक्षबाट पहिलो कदम चाले। राणा शासनकालमा थेरवादी भिक्षुहरूलाई देश निकाला गरेको बेलामा सरकार समक्ष बिन्तिपत्र चढाएर भिक्षुणीहरूलाई देश निकाला हुनबाट बचाउने अनगारिका धर्मपालीको साहसको कदर गर्नुपर्छ। अनगारिका धर्मचारीले राणा सरकारको चर्को चेतावनी देखी अलिकति पनि नडराई बुद्ध धर्मको प्रचार गरिन् जसले गर्दा जेलको सजायँ समेत भोग्नुपऱ्यो। राणा सरकारको चर्को शासनकालमा पनि नेपालका अनगारिकाहरू साहसपूर्वक अगाडि बढेको देखिन्छ।

अनगारिकाहरूबाट धर्म प्रचार कार्य सफल हुँदै आएपछि शायद पुरुष प्रधान समाजमा हुर्केको संस्कारको कारण नेपालका भिक्षुहरूबाट अनगारिकाहरूलाई प्रशस्त मार, बाधा र अड्चनहरू उब्जेको थियो जसलाई अनगारिकाहरूले त्यसबखत संघर्ष गर्दै हटाउन सफल भए।

गाउँ-गाउँमा धर्म प्रचार गर्ने महत्वपूर्ण कार्यमा अ. धर्मचारी, अ. धम्मवती, अ. सुशिला, अ. धर्मशीलाको पछि आजका सबैजसो अनगारिकाहरूले सशक्तरूपमा योगदान दिंदै आएका छन्।

बुद्धको लोकुत्तर धर्मको अनुशरण सबैभन्दा महत्वपूर्ण छ। यसको मौलिकता कायम गर्न ध्यानभावना आवश्यक छ। नेपालमा ध्यानभावनाको तालिमको क्षेत्रमा अ. रत्नमञ्जरी प्रमुख अन्य अनगारिकाहरूले पनि भूमिका खेलिरहेका छन्। धर्मकीर्ति विहारले बर्माका ध्यान गुरुमाँ दो पञ्ञाचारी र दो सुखाकारीहरूलाई निमन्त्रणा गरी ध्यान शिविर संचालन गरेदेखि नेपालमा विपस्सना ध्यानको शुरुवात भयो।

शिक्षाद्वारा बुद्ध धर्मको प्रचार प्रसारमा बुद्धपूजा



Downloaded from http://www.dhamma.digital

र प्रवचन दिने कार्य त सबैजसो अनगारिकाहरूबाट भइरहेको छ। त्यस्तै गरी बौद्ध परियत्ति शिक्षातर्फ पाटनका विहारहरूमा बस्ने अनगारिकाहरू र बच्चा तथा युवाहरूलाई बौद्ध शिक्षा दिनेतर्फ धर्मकीर्ति विहार-का अनगारिकाहरू लागिराखनु भएको छ। स्कूलको माध्यमबाट बौद्ध शिक्षा प्रचार गर्नेतर्फ अ. माधवीको उल्लेखनीय योगदान छ। नयाँ अथवा कम उमेरका अनगारिकाहरूबाट स्कूल स्कूलमा गई नैतिक शिक्षा दिन जाने नयाँ आयाम चलाउन थालेको छ।

लेख वा लेखाइको माध्यमबाट धर्म प्रचार गर्ने-तर्फ अ. धर्मचारीले पहिलो कदम चालेको देखिन्छ। त्यसपछि अ. माधवी, अ. माँ गुणवती तथा अ. धम्मवती आदि गुरुमाँहरूले लेखन कार्यतर्फ हात हाल्नु भयो। धर्मकीर्ति विहारबाट अ. धम्मवतीको सक्रियतामा बुद्ध शिक्षाका विभिन्न पुस्तकहरू प्रकाशन भएपछि अनगा-रिकाहरूबाट लेख लेखन र प्रकाशनको माध्यमबाट धर्म प्रचार गर्ने कार्यमा अझ वृद्धि हुँदै आएको देखिन्छ।

समाज सेवातर्फ अ. रत्नपाली, अ. धर्मपाली र अ. संघपालीहरूले रोप्नु भएको बिउबाट ठूलो वृक्ष सप्रियो भन्न सकिन्छ। अ. धर्मचारी, अ. धर्मशिला, अ. सुशिलाहरूले आ-आफ्नो जन्मस्थानमा नारी चेतना जगाउने कार्य गरेको छ। अ. धम्मवतीको नेतृत्वमा श्रीघः विहार सफा गर्ने, शीपमूलक कार्य सिकाउने, दिवंगत व्यक्तिहरूको नाममा पुस्तक प्रकाश गर्ने, अन्ध-विश्वासी संस्कृतिलाई छोडी सच्चा बुद्ध धर्मको अनुशरण गर्ने जस्ता सामाजिक परिवर्तन जस्तो उपलब्धिहरू हासिल भएको छ।

२०४० सालमा नेपालमा अनगारिका संघ स्थापना भएपछि अहिले यसको अन्तर्राष्ट्रिय क्षेत्रमा समेत सम्बन्ध गाँसिन पुगेको छ। नेपालका अनगारिकाहरू विदेशमा अध्ययन गरी विदेशका बौद्ध संघ संस्थाको सदस्यता लिई देश विदेशको बौद्ध क्रियाकलापसँग सम्पर्क राख्दै आएको छ।

अनगारिकाहरूको भविष्यमा के के गर्ने मनसाय रहेको छ भन्ने विषयमा अध्ययन गर्दा उहाँहरूले धार्मिक, सामाजिक र आर्थिक क्रियाकलाप गरी जम्मा १३ वटा इच्छा व्यक्त गर्नुभएको छ। अनगारिकाहरूको यस्ता राम्रा लक्ष्यहरू पुरा गर्न गृहस्थीहरूले सहयोग गर्नुपर्छ। गृहस्थीहरूको अलावा भिक्षुहरूले पनि सहयोग गर्नुपर्छ।

संसार भयदेखि डराएर त्यागी भएको व्यक्ति-लाई "भिक्खु" भनिन्छ भनेर भगवान् बुद्धले भन्नुभएको छ भने संसार भयदेखि डराएर गृहत्याग गरेर आएका अनगारिकाहरूलाई मात्र 'भिक्षुणी' पदवी दिन नहुने कारण के छ? भगवान् बुद्धको धर्मलाई बुझ्न गृहत्याग गरेर आएका अनगारिकाहरूले पनि आ-आफूले पनि आत्मबल बलियो पार्नुपर्छ। आ-आफ्नो जीवनको लक्ष्य पुरा गर्न सुहाउँदो किसिमले दिनचर्या चलाउनु पर्छ।

आजको परिप्रेक्षमा अनगारिकाहरू र भिक्षुहरू दुबै मिली बुद्धको शिक्षालाई अनुशरण गरी हाम्रो समाजमा भइराखेको महिला पुरुषको भेदभाव, जातपात-को भेदभाव तथा अन्धविश्वास हटाउन अपनाउनु पर्ने रणनीति यसरी देखिन्छ—१. बौद्ध विश्वविद्यालयको स्थापना, २. बौद्ध परियत्ति अध्यापनको तरिकामा सुधार, ३. भिक्षु वा अनगारिका बन्नु अघि अनिवार्य बौद्ध परियत्ति शिक्षा, ४. व्यावहारिक शिक्षा र तालिम, ५. विहारहरूको संस्थागत बिकास, ६. अनगारिका संघबाट अनगारिकाहरूलाई खाने, बस्ने, स्वास्थ्य र अन्त्यष्ठीसम्मको व्यवस्था, ७. विहारभन्दा बाहिर धर्म प्रचार र ८. अन्तर्राष्ट्रिय सम्बन्धमा वृद्धि।

यी आठवटा रणनीतिहरूलाई अपनाएर अनगा-



Downloaded from http://www.dhamma.digital

रिकाहरू सहित भिक्षु संघ, उपासक, उपासिकाहरूले बुद्ध शासनलाई चिरस्थायी गर्न योगदान दिंदै लग्नु परेको छ।''

बासन्ती देबी बज्राचार्य
(तेश्रो कार्यपत्रको टिप्पणीकार)

"प्रस्तुत लेख धेरै मेहनतपूर्वक तयार पारिएको देखिन्छ। यसमा समावेश गरिएका ऐतिहासिक तथ्यहरू गहन छ। सम्राट अशोकको पालामा भिक्षु मज्झिम थेरलाई नेपाल र हिमाल खण्डमा धर्मदूतको रूपमा धर्म प्रचार गर्न पठाइएको ऐतिहासिक कुरा पनि थपिएको भए अझ राम्रो हुने थियो।

यस लेखमा १९ औं शताब्दीमा राणा शासनकालमा अनगारिकाहरूले संघर्ष गरेको कुरा उल्लेख भएको ठाउंमा २०१८ सालमा किण्डोल निर्वाण मूर्ति एउटा अबौद्ध व्यक्ति युवराज महेन्द्रको हातबाट उद्घाटन भएको कुरा उल्लेख भएको भए राम्रो हुने थियो। यस विहारको सँगै एउटा अतिथि गृह (Guest House) खोल्न ३० वर्ष अघि नै श्रद्धालु उपासिकाहरू हाम्रो समाजमा अग्रसर भइसकेको देखिन्छ। यसरी आजको वर्तमानकालमा पनि अनगारिकाहरू र उपासिकाहरू बुद्ध धर्मको प्रचार क्षेत्रमा अति नै सक्रिय हुंदै आएका देखिन्छन्।

धर्मकीर्ति विहारको अलावा अन्य विहारहरूबाट के के काम भइराखेको छ वा छैन, यदि छैन भने त्यसको कारण के हो यसबारे अध्ययन गर्न लायकको छ।

धम्मवती गुरुमांको नेतृत्वमा कतिपय नेपाली बौद्धहरूले गुफा राख्ने, व्रतबन्ध गर्ने जस्ता बौद्ध संस्कृतिसंग नमिलेका परम्पराहरू छोडी ऋषिनी प्रबज्या, श्रामणेर प्रव्रज्या गराउने प्रचलन अपनाउंदै आएको छ। यति मात्र होइन अरू पनि के कस्ता सामाजिक परिवर्तनहरू हुंदै आएको छ त्यसबारे अनुसन्धान हुनु आवश्यक देखिन्छ।

केही वर्ष अगाडि मां गुणवती गुरुमांले धर्मकीर्ति विहारमा कागजको फूल र तितौरा बनाउने, फेब्रिक पेन्ट गर्ने आदि जस्ता विभिन्न रचनात्मक कामहरू सिकाउने कार्य भएको हो। अहिले यो काम स्थगित भएको देखिन्छ। यसलाई पुनः शुरु गरी प्रभावकारी ढंगले संचालन गर्न आवश्यक देखिन्छ। घरको काममा मात्र अल्झिएका बेरोजगार महिलाहरूलाई आयको श्रोत हुन सक्ने तालिमहरू प्रदान गर्न आवश्यक देखिन्छ।

इसाई धर्मावलम्बिहरूले धेरै पैसा खर्च गरी अन्य धर्मावलम्बिहरूलाई आफ्नो धर्ममा दीक्षित गराउने कार्यनीति संसारभरि अपनाउँदै आएको छ। आर्थिक अभावको कारणले कतिपय बौद्धहरू पनि आफ्नो धर्मलाई त्यागी इसाई धर्ममा दीक्षित हुंदै गइरहेका छन्। हामी बौद्धहरूले आयश्रोतको व्यवस्था हुने किसिमको कार्यक्रमहरू संचालन गरी, गरीबीलाई हटाउन मद्दत दिने र आफ्नो धर्मलाई त्याग्ने जस्तो बढ्दो प्रवृत्तिलाई छिटै नै रोक्न आवश्यक भएको छ।

नेपालमा भिक्षु र अनगारिकाहरूबाट बालक छात्रछात्राहरूलाई बौद्ध शिक्षा दिंदै आएको भएता पनि त्यो त्यति प्रभावशाली हुन सकेको देखिंदैन। जसरी इसाई धर्मावलम्बिहरूले सानैदेखि स्कूल स्कूलमा अनिवार्यरूपमा पढ्नु पर्ने इसाई धर्मको पाठ्यक्रम बनाउँछन्, त्यस्तै गरी बौद्ध धर्म पढाउनको लागि बौद्ध स्कूलहरू पनि बनाउनु पर्ने आवश्यकता देखिन्छ।

अनगारिका संघ स्थापना भए जस्तै अनगारिका बस्नको लागि पहिले आफू शिक्षित भएर विधिवत रूपले अनगारिका पद सम्हाल्नु पर्छ। आ-आफैले चीवर धारणा गरी अनगारिका बन्नेहरू देखिन आएकोले यस विकृतिलाई छिटै नै हटाउन आवश्यक भएको छ।

लेखमा उल्लेख भएको छ अनगारिकाहरूलाई भिक्षु सरह दर्जा दिइनु पर्छ। महिला पुरुषको भेदभावलाई हटाउनु पर्छ। अनगारिकाहरूले आ-आफ्नो नियम,



Downloaded from http://www.dhamma.digital

विनय राम्ररी पालना गरी निर्वाणको मार्गमा लाग्ने प्रयास गर्न सकेको खण्डमा भिक्षुहरूले बाध्यतापूर्वक भिक्षुणी पदवी दिएर सम्मान गर्नुपर्ने छ । आफ्नो कर्तव्य पूरा भएमा अधिकार स्वतः पछि पछि आउने छ ।

चीनमा भिक्षुणी संघ अझै बाँकिरहेको र त्यसको हाँगा ताइवानमा पनि सारेको विषयमा नेपालबाट धर्मोदय सभाका प्रतिनिधि मण्डलले चीनमा देखेर र सुनेर आइसक्यो । नेपालको अनगारिका संघलाई संस्थागत रूपमा विकास गर्न जनशक्ति, आर्थिकश्रोत र नियमावलीको आवश्यकता भएको छ ।

धर्मकीर्ति विहारले समय समयमा स्वास्थ्य सेवा कार्यक्रम संचालन गर्दै आएको राम्रो हो । तर यो कार्यक्रम अस्थायीरूपले मात्र संचालन भइरहेको छ । यसलाई निरन्तररूपले संचालन गर्न भविष्यमा एउटा बौद्ध अस्पताल खोल्ने लक्ष्य राख्नुपर्ने देखिन्छ । यो कार्य सम्पन्न गर्न गाह्रो अवश्य छ । तर हामीकहाँ राम्रो काममा सघाउने श्रद्धालुहरूको कमी छैन । ताइवानको **Miswang Chinyan** नामकी एउटी बौद्ध महिला जसले पछि भिक्षुणी बनेर आधुनिक अस्पताल र **Nursing School** खोलिन्, उनको जीवनीलाई हामीले प्रेरणास्वरूप लिन सक्छौं ।

यस कार्यक्रमको प्रशंसा गर्दै आफ्नो आलोचना र विचार व्यक्त गर्ने काम टुंग्याउँदै छु ।"

## प्रश्न – उत्तर

कार्यक्रमको अन्तमा प्रश्न उत्तरको कार्य पनि भयो । प्रश्नकर्ताहरू—ललिता, संगीता, नारायणदेवी, मन्दिरा, गंगा श्रेष्ठ आदि श्रोताहरूको प्रश्नहरूको जवाफ क्रमशः सुमन कमल, अमिता धाखवा, लोचनतारा, प्रफुल्ल कमल र विनयरत्न धाखवाले दिनुभयो ।

## भिक्षु अश्वघोष

कार्यक्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका धर्मानुशासक भिक्षु अश्वघोषले भन्नुभयो—"नेपालमा र अन्तर्राष्ट्रिय क्षेत्रमा भिक्षुणी संघ बनाउने पक्षमा कम मात्र मत छ र विपक्षमा बहुमत छ । अनगारिका धम्मवतीले जस्तै अन्य अनगारिकाहरूले पनि सक्रिय भएर काम गर्नु आवश्यक छ । भिक्षुणी शासन बनाउन संस्कारवादी भिक्षुहरूले अनुमति दिएको छैन । साथै भिक्षुणीहरूको नियम पनि बढाइएको छ । आजको परिप्रेक्षमा भिक्षुणी पदवी चाहियो भनेर कराउनुको सट्टा विभिन्न रचनात्मक कार्यहरू बढाउनु आवश्यक देखिन्छ ।

## माँ गुणवती (सभापति आशनबाट)

"धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको रजतजयन्ती मनाउने यस्तो भव्य कार्यक्रम गरेकोमा खुशि लागेको छ । भगवान् बुद्धको अमूल्य शासन लोप हुन नदिन यस्तो कार्यक्रम भएकोमा खुशि लाग्यो । बुद्धको शासन अटुटरूपमा चलिरहोस् ।"

## अगम्यरत्न कंसाकार (धन्यवाद ज्ञापन)

"योभन्दा पहिले रजत जयन्तीको अवसरमा प्रवचन गोष्ठी र स्वास्थ्य शिविर कार्यक्रम संचालन गरिसक्यौं । आज बुद्ध शिक्षा अनुसार नारी पुरुष समान हो भनी देखाउन यो कार्यक्रम गरिरहेका छौं । धन्यवाद ज्ञापन दिने क्रममा लामो समयसम्म धैर्यपूर्वक सुनिदिनु भएकोमा सम्पूर्ण श्रोतागणलाई कार्यपत्र प्रस्तुतकर्ता र टिप्पणीकारहरूलाई, पत्रकार वर्गहरूलाई जलपान, भोजन आवश्यक आर्थिक सहयोग गर्नुहुने गणेशमाया पुचः, सफ्ट ड्रिंक प्रदान गर्नुभएका गोष्ठीका महिला सदस्यहरू, बिस्कुट प्रदान गर्नुहुने नेबिको बिस्कुट प्रा. लि., मेच प्रदान गर्ने धर्मदेवी तुलाधर, कार्यक्रम सफल पार्न विशेष सहयोग दिने महिला सदस्य रमा कंसाकार, कीर्ति तुलाधर र लोकदर्शन बज्राचार्यलाई हार्दिक धन्यवाद छ ।" ★★★



Downloaded from http://www.dhamma.digital

# बुद्धको शिक्षा र आजको विश्व–२

– डा. वल्पोल राहुल

यो हाम्रो पथ प्रदर्शक गुरुको सम्झनामा उपासना गर्ने तरिका मात्र हो । यी परंपरागत रीतिहरू आवश्यक नभएता पनि धार्मिक भावना हरूबाट सन्तुष्ट पाउन यसको आफ्नै महत्व छ । तर जो व्यक्ति बौद्धिक तथा धार्मिक तवरले पुष्ट हुँदैन उनीहरूमा यसको चाहना हुन्छ र यो पथमा विस्तारै अगाडि बढ्न सहायता गर्दछ ।

बुद्ध धर्म वैभवयुक्त विचारहरू उच्च, नैतिक तथा दार्शनिक विचारमा मात्र रूची राख्दछ र मानिसहरूको सामाजिक तथा आर्थिक भलाइलाई तुच्छ सम्झन्छ भन्ने धारणा कसैले लिन्छन् भने त्यो गलत हो । बुद्ध मानिसहरूको सुखमा रूची राख्नुहुन्छ । उहाँको दृष्टिमा नैतिक तथा धार्मिक सिद्धान्तमा आधारित स्वच्छ जीवनलाई नअपनाई सुख सम्भव छैन । तर उहाँलाई यो ज्ञात छ कि यस्तो जीवन, प्रतिकूल भौतिक तथा सामाजिक अवस्थाहरूमा अपनाउन कठीन हुन्छ ।

बुद्ध धर्मले भौतिक सुख नै साध्य हो भन्ने विचार गर्दैन, यो त एक साधन मात्र हो– साध्य त प्रतिष्ठित तथा आर्य बन्नु हो । भौतिक सुख खालि अति आवश्यक साधन हो । एक सत्व (प्राणी) को सुख प्राप्त गर्ने उच्च उद्देश्यको लागि यसलाई परित्याग गर्न सकिँदैन । तसर्थ बुद्ध धर्म आध्यात्मिक, धार्मिक सफलताको लागि केही न्यूनतम भौतिक आवश्यकताहरूको अनुकूलता मिल्नु पर्दछ भन्ने कुरामा विज्ञ छन्, जुन कि निर्जन ठाउँमा ध्यानमा लागि नै रहने सन्तहरूको लागि पनि अति आवश्यक कुरो हो ।

बुद्धले सामाजिक र आर्थिक पृष्ठभूमिको जीवनको प्रसङ्गलाई मात्र समावेश गर्नु भएको छैन, उहाँले सबै सामाजिक, आर्थिक र राजनैतिक पक्षलाई समेट्नु भएको छ ।

उहाँको शिक्षाहरू नैतिक, धार्मिक, आध्यात्मिक, तथा दार्शनिक समस्याहरूसंग सम्बन्धित छन् भन्ने प्रष्टै थाहा भएको कुरा हो । तर पश्चिमी देशहरूमा उहाँको शिक्षा सामाजिक, आर्थिक तथा राजनैतिक विषयहरू हुन् भन्ने कुरा कम मात्र थाहा छ । प्राचीन बौद्ध धर्मग्रन्थमा यताउता छरिएका अनगिन्ति धर्मोपदेशहरू छन् । केही उदाहरणहरू लिऊँ–

दीघनिकायको चक्कवत्ति सिंहनाद सूत्रले "दरिद्रता नै व्यभिचार, अपराध जस्तो कि चोरी, झूठो कुरो, उत्पात, घृणा, निष्ठूरी इत्यादिको कारण हो" भनी व्यक्त गरेको छ । प्राचीन राजाहरू आजकलको शासकले जस्तै सजाँय दिएर अपराध दबाउन कोशिस गर्दथे । सोही निकायको कूटदन्त सूत्रले यी सारहीन छन् भनी ब्याख्या गरेको छ । यस्तो तरिकाले कहिल्यै सफलता पाउन सक्दैन भन्ने उक्त सूत्रको भनाई छ । बुद्धले सल्लाह दिनुहुन्छ कि अपराध घटाउन या निर्मूल पार्न जनताको आर्थिक अवस्थामा सुधार हुनु पर्दछ । कृषकहरूलाई कृषि व्यवसायको लागि बिउ तथा अरू सुविधाहरू प्रदान गर्नु पर्दछ । व्यापारीहरू जो व्यापारमा व्यस्त छन् उनीहरूलाई यथेष्ट पूँजी प्रदान गर्नु पर्दछ । कामदारहरूलाई यथेष्ट मात्रामा ज्यालाको व्यवस्था गर्नुपर्दछ । जब उनीहरूलाई प्रशस्त मात्रामा आम्दानी गर्ने अवसर, मौका प्रदान गरेको छ भने उनीहरूमा सन्तुष्टि हुनेछ, कुनै डर तथा चिन्ता हुने छैन र यसको फलस्वरूप राज्य नै शान्तिपूर्ण र अपराध रहित हुनेछ ।



Downloaded from http://www.dhamma.digital

यहि कारणले बुद्ध भन्नु हुन्छ– "जनसाधारण व्यक्तिहरूको आर्थिक अवस्थामा सुधार हुनु अति आवश्यक छ।" यसको अर्थ सम्पत्तिको लालसा र त्यसमाथिको आशक्तिलाई उहाँले स्वीकार्नु भएको होइन, जुन उहाँको मूल शिक्षाको विपरित हो, न उहाँले व्यक्तिको आजीविकाको लागि हरेक किसिमको धन उपार्जनको बाटोलाई स्वीकार्नु हुन्छ। हामीले पहिले पनि देख्यौं कुनै व्यापारहरू जस्तो कि हातहतियारको उत्पादन, बेचबिखन सम्यक आजीविकाको लागि दूषित श्रोत हो भनी दोषारोपण गर्नु भएको छ।

दीघजानु नाम गरेको एक व्यक्तिले एकचोटी बुद्धसंग भेटेर सोध्यो– 'भन्ते हामी सामान्य व्यक्ति परिवार, स्त्री तथा बच्चाहरू पाल्नु पर्दछ, के भगवानले यस्तो सिद्धान्त पनि सिकाउनु भएको छ, जुन हामीलाई इहलोक र परलोकमा पनि सुख सहायक हुन्छ ?"

बुद्धले उसलाई उपदेश दिनुभयो– "यो संसारमा व्यक्तिलाई सुख सहायक हुने चारवटा कुराहरू छन् : पहिलो– व्यक्ति आफू लागेको पेशामा कुशल सक्षम, मेहनती तथा उद्योगी हुनु पर्दछ भन्ने कुरा राम्ररी ज्ञात हुनु पर्दछ (उत्थान सम्पदा); दोस्रो– उसले मेहनतले कमाएको सम्पत्तिको रक्षा गर्नु पर्दछ, (आरक्ख सम्पदा) तेस्रो– ऊसँग कल्याण मित्र हुनुपर्दछ, (कल्याण मित्तता) जो, विश्वासी शिक्षित, धार्मिक, उदार, बुद्धिमान जसले कुमार्गबाट बचाई सुमार्गमा लाग्न मद्दत गर्दछ। चौथो– व्यक्तिले आफ्नो आम्दानीको अनुपातमा उचित तरिकाले खर्च गर्नु पर्दछ न धेरै, थोरै यसको अर्थ धनको लालसाले थुपार्न हुँदैन, बढि खर्चालु पनि हुनुहुँदैन अर्को अर्थमा भन्ने हो भने आफ्नो आम्दानी अनुसार रहन सहन (सम्मा आजिविका) हुनु पर्दछ।

तत्पश्चात् बुद्धले जनसामान्यको लागि सुख सहायक हुने अरू चार कुराको व्याख्या गर्नु हुन्छ– (१) सद्धा (श्रद्धा): व्यक्तिमा नैतिक, धार्मिक तथा बौद्धिक गुणहरूमा आस्था तथा दृढ विश्वास हुनुपर्दछ (२) शील– व्यक्ति कसैको हत्या नगर्ने, नचोर्ने, नठग्ने, व्यभिचार नगर्ने, झूठो नबोल्ने, लागू पदार्थ सेवन नगर्ने हुनु पर्दछ, (३) चाग (त्याग)– व्यक्ति आफ्नो सम्पत्तिमा अनाशक्त तथा निर्लोभी, दानी, उदार हुनुपर्दछ, (४) पञ्ञा (प्रज्ञा)– व्यक्तिले पूर्ण दुःख निवारण (निर्वाणको अनुभूति पाउन) को लागि बुद्धि, प्रज्ञा जगाउने बाटो अपनाउनु पर्दछ।

कहिलेकाहीं बुद्धले धनको वचत र खर्च गर्ने बारे विस्तृत रूपमा भन्नु हुन्छ, जस्तो उदाहरणको लागि सिंगालपुत्रलाई उहाँले भन्नु भएको थियो कि आम्दानीको चार भागको एक भाग दैनिक खर्चमा, आधा भाग व्यापारमा र बाँकी एक भाग मात्र संकटको लागि छुट्टै वचत गर्नु पर्दछ।

एक पटक बुद्धले महाजन अनाथपिण्डिक नाम गरेको भक्त उपासक (जसले श्रावस्तीमा प्रसिद्ध जेतवन विहार स्थापना गऱ्यो) लाई भन्नुभयो कि साधारण पारिवारिक जीवन विताउने जन-सामान्य व्यक्तिहरूका लागि चार प्रकारका सुख छन्, पहिलो सुख (अत्थि सुख) न्यायोचित तथा उचित तरिकाले आर्जित धनको सुरक्षित साथ आर्थिक उपभोग गर्ने, दोस्रो सुख (भोग सुख) आफ्नो परिवार मित्र तथा नातेदार र अन्य प्रशंसायोग्य कार्यको लागि उदारतापूर्वक खर्च गर्ने, तेस्रो सुख–(अनण सुख) ऋणबाट मुक्त हुनु।

क्रमशः



Downloaded from http://www.dhamma.digital

छलफल–

# विजया दशमी किन मनाउने ?

यसपालिको छलफल कार्यक्रम दशैं चाडमा शुरु भयो । गुरुङ, तामाङ, थारु आदि विभिन्न जातिका व्यक्तिहरूले भाग लिएको यस कार्यक्रममा सहभागी वक्ताहरूले हिंसा कार्य बुद्ध शिक्षा अनुयायीहरूको लागि सुहाउँदो चरित्रको नभएकोले दशैं चाडमा हिंसा गर्ने प्रचलित परम्परा र संस्कृतिलाई त्याग्न सक्नु पर्ने तथ्यलाई जोड दिनुभएको थियो ।

यसै सिलसिलामा एकथरी वक्ताहरू—"परम्परागत संस्कृतिलाई सही विचार बिना अपनाउँदै विभिन्न चाडपर्वहरूमा, पूजा–आजामा मात्र बढि अल्झि रहने बानी र अनावश्यक खर्च गर्ने प्रवृत्तिलाई त्यागी क्रमिक रूपमा जीवनशैलीलाई नै परिवर्तन गरी लानु पर्ने देखिन्छ ।"

एकजना भिक्षु—"परम्परादेखि चलिआएको संस्कृतिलाई त्याग्न हुन्न भन्ने गलत धारणालाई अंगाली बढिभन्दा बढि चाडपर्व मान्ने मनोप्रवृत्तिले जनताको आर्थिक स्थिती गिर्दै गइरहेको छ । उदाहरणको लागि गरीबहरूलाई ऋण बोकाउने पर्व र देश विकास कार्यको लागि बाधकको रूपमा दशैं पर्व देखापरिरहेको छ ।"

एकजना भिक्षुणी—"भगवती पुराण अनुसार दुर्गा भगवती मातालाई सबै प्राणीहरूका माताको रूपमा मानिन्छ । तर सोही माताको नाममा निर्दोष प्राणीहरू रांगा, बोका आदिको गर्दन काटी बलि दिने कार्य कतिको उचित हो ? विचारणीय छ । त्यसैले यस अमिल्दो अन्यायपूर्ण कार्यलाई हटाउने हो भने दशैं चाडमा भइरहेको हिंसा कार्यलाई यथाशिघ्र त्याग्नु अनिवार्य देखिन्छ ।"

एकजना गुरुङ—"हामीले त दशैं मान्ने प्रथालाई नै त्यागिसक्यौं । तर अशोक महाराजाले कलिंग युद्धबाट बिरक्त भएर शस्त्र–अस्त्र त्यागी बुद्ध शिक्षामा दिक्षित भई हिंसामाथि अहिंसाको विजय गरेको दिनको रूपमा विजया दशमीलाई मान्दै आएका छौं ।"

एकजना सदस्य—"भगवतीलाई बौद्ध चैत्यमाथि राखी दशैं पर्वमा प्राणी हिंसा गर्ने प्रचलनप्रति हामीले क्षोभ प्रकट गर्दछौं । बौद्ध स्थलमा हिन्दू मूर्ति राखी बौद्धजनलाई भिटाइएको कार्य असह्य छ । त्यसैले यस कार्यको हामी घोर विरोध गर्दछौं ।"

अर्का एकजना व्यक्ति—"धार्मिक सहिष्णुताको नाममा बौद्धहरूमाथि थिचो मिचो भइरहेको देखिन्छ । बौद्धहरूले मात्र सहिष्णुतापूर्वक व्यवहार गरेर के गर्नु ? हिन्दूहरूले यसबारे केही परवाह गरेको देखिदैन ।"

अर्का एकजना सहभागी—"बिहान रेडियो नेपालबाट प्रसार हुने हिन्दू धर्मको धार्मिक कार्यक्रममा सहभागी हुने व्यक्तिहरूले भने सबै सुविधा पाउने । तर बुद्ध धर्मको कार्यक्रममा सहभागी हुनेले भने यातायात खर्च समेत पनि आफ्नै खल्तीबाट व्यहोर्नु पर्ने । यो कहाँको धार्मिक सहिष्णुता हो र ? यति मात्र होइन बुद्ध शिक्षालाई त हप्तामा एक दिन; त्यो पनि मात्र दश मिनेटको प्रसारण समय दिने गरेको छ । सबै श्रोतावर्गले थाहा पाएकै कुरो हो यो । नेवारीमा एउटा उखान नै छ नि—ला छकू बिलं क्वें जक । अर्थात् एक टुक्रा मासु दिइयो, त्यो पनि हाड मात्र । यसलाई पनि धार्मिक सहिष्णुताकै नाम दिने हो कि ?"

★★★



Downloaded from http://www.dhamma.digital

# यानतय् विचे समानता – छपुलु

– प्रकाश तुलाधर, श्रीघः

छम्ह बेलायति च्वमिया कथं धर्म छगू विश्वास खः। विश्वास बिना धर्मया उदय ज्वीफैमखु । तःता विश्वासया हुनों छगू हे धर्म दुनेनं भिन्न सम्प्रदायया जन्म जुीसं खना च्वनागु दु। हिन्दू धर्मया शिवमार्ग व बैष्णव सम्प्रदाय, क्रिश्चियन धर्मया क्याथोलिक व प्रोटेष्टायण्ट, अथेंतु मुश्लिम धर्मया सिया व सुन्नि व जैन धर्मया दिगम्वर व स्वेतम्वर सम्प्रदाय थुकिया दसू खः। बुद्ध धर्मनं थजागु वातावरणं मुक्त ज्वी मफुत। विश्वासया भिन्नतां अनेकतायात जन्म बिल। थ्व अनेकताया प्रतिफल हे जुीगु धारणाय् हिला वन। थ्वहे धारणातय्त थों जुीसं यानया रूपं खंका च्वना। महायान–वज्रयान व थेरवाद।

बुद्ध धर्मया विभिन्न यानते बिचे समानता मालेगु साहसिक कुतः यक्को हे लिपाजक जूवःसां थ्व सफल ज्या धर्मकीर्ति अध्ययन गोष्ठीं पूवंकूगु लसताया खँ खः। बुद्ध धर्म दुनेया विभिन्न धारणातय्त छथासं पोच्विना सहलह ब्याकेत सफल जुल। २०५३ श्रावण ५ गतेया थ्व सफल गोष्ठीसं स्वंगू धारणात वा यानतय्सं थःथःगु तर्क व बिचाः पिब्वल। पिब्वःगु धारणां छता खँ स्पष्ट क्यन। यानत भिन्न खःसां लक्ष छगू हे खः। बुद्ध शासनं विभिन्न लँपु लिना वनेफु। भिन्न लँपु जूसां लक्ष समान जूगुलिं थ्व समस्यागत मखुगु महायानया तर्क दु। भिन्न लँपुयात पंगल थनेगु महायानं पाय्छि मताय्कू। वज्रयानया कथं बज्रयान पद्धति पिनें मूर्तिपूजक खनेदुसां वास्तविकता अथे मखु। मूर्तिला अर्थबोध यायेगुया लागीं न्ह्यब्वइगु साधन जक खः। महाँकाल द्योया मूर्तियात पूजा याय्गु धँगु हे चीरकालयात म्हसिइके बिइगु खः। थुकथं वज्रयानया लँपु अति गहन व महत्वपूर्ण जू।

थेरवाद कथंहें चतुर आर्यसत्य, आर्यअष्टाङ्ग मार्ग, दान, शील, भावनाथेंजागु मंका भावनाया समग्र लँपु हे थेरवाद खः। थेरवादया धापु दु जुीसं मथुया जक भिन्न ताय्का च्वन। लक्ष्य सकस्यां छगू हे जूगुया कारणं भिन्न लँपुया विवादे तक्यना च्वनेगु पाय्छि मजू।

थुकथं महायान व वज्रयानं समान लक्ष्य व समान आदर्शयात दुवाःगु दुसा थेरवादं छपला न्ह्यचिला वर्तमान चूनौतितनं छर्लङ्ग उला बिल। थेरवादया न्वचूमि डा. केशवमान शाक्यया कथंहें थवंथवे श्रेष्ठता क्यना च्वनेगु स्वयानं वर्तमान चूनौतित नाप ल्वाय् फय्के हथाय् जुइ धुंकल। नेपाः दुने बौद्धतहे इसाई जूवंगुया मू हूनि गरीबी व बेरोजगारं याना खः। थौंया अवस्था बौद्धत बढेयाय्गुला छखे हे दनि दुपि बौद्धतनं घटे जूया वनाच्वंगु विदम्बना दु। थ्व फुक्कया हुनि जुीसं इसाईतय्संथेंतुं गरीब बौद्धतय्त सहयोग व रोजगार चूलाका बीमफुगुलिं हे खः। मनूत गुबलेतक गरीबीया विनं क्वय् लाना च्वनी अभिसं मेमेगु विषययात ध्यान बीफै मखु। थ्व शाश्वत सत्य खः। ब्रिटिश शासनकाले श्रीलङ्काया बौद्धतय् संख्या घटे जुया च्यागू प्रतिशते तक कुहाँवय् धुंकूगु घटनात दु। तर शीपमूलक कार्यक्रम संचालन लिपा चय्गू प्रतिशते तक थकाय् फत। नेपाः दुने नं बहूसंखयक गरीब बौद्धतय्त शीपमूलक कार्यक्रम न्ह्याके हथाय् जुइ धुंकल। थुकथं समग्ररूपे थ्व गोष्ठीं न्ह्याकूगु छलफले क्वय् बियागु स्वता खँत बिचाः याय्मागु थ्व च्वमिया आशय दु।

समन्वयता—गनतक महायानया धारणा खः पाय्छि खयानं छुँ मगाः मचाः खनेदु। हिला वनाच्वंगु



Downloaded from http://www.dhamma.digital

ईयात ल्वय्क बुद्ध धर्मया सम्बर्द्धन व विकाशया हेतुं महायानं नं मेमेगु यानत नाप समन्वय दय्का यंकेमागु वर्तमान ईया माग खः। बुद्ध छम्ह हे खः लक्ष्य छगू हे खःसा याकनं बौद्ध जागरण हयेत छधि छपाँय्या लंपु अवश्यनं नाले हे माः।

वास्तविकता—भगवान् बुद्धया उपदेश कथंहें सुं नं द्यो बा व्यक्तिया पूजा शुद्ध धर्म मखु। चतुर आर्य-सत्य व आर्यअष्टाङ्ग मार्ग हे धर्मया प्राण खः। जब थ्व सत्य व मार्गया मर्म थुइका काइ नाना प्रकारया दैविक शक्तिप्रति आशक्त ज्वीगु मिथ्या दृष्टिनं स्वतः मदया वनी। वज्रयानया खःगु लंपु नं बुद्धं क्यना बिज्याःगु सत्ययात बोध याकेगु हे खः। बोधताया ज्ञान साधारण मनूतय्सं याकनं प्राप्तयाय् मफैगुलिं हे मूर्तिया प्रतिरूप न्ह्यब्वे माला च्वंगु खः। मूर्ति स्वयम् यथार्थ मखु। यथार्थ उकी दुबिना च्वंगु गुणत जक खः। थ्व सत्ययात वास्तविकता बिइ फय्के माः। महायानं थजागु वास्त-विकतायात उला क्यने फत धाःसा हे जक महत्वया पराकाष्टे थ्यंके फइ। यानतय् भिन्नताया दूरी न्हंका यंके फइ।

समाधानता—ज्यायात ज्याभः आवश्यकथेंतुं धर्मयात शरीर अतिकं आवश्यक वस्तु खः। शरीर बिना धर्मया खँ वइमखु। शरीर सुथां लाकेत आहार मदय्क मगाः। आहारया लागी रोजगार अतिकं आवश्यक जू। तर थौंया संसारे रोजगारया तसकं अभाव दु। न्हियान्हिथं गरीबया प्रतिशत संख्या बढेतुं जुया च्वंगु दु। थजागु विकट परिस्थिती मनूया न्हापांया कर्तव्य म्वाय्त साधन मालेगुलिं जुइ। अनं लिपातिनि धर्मया चिन्तन याय् फया वइ। खासयाना बहूसंख्यक गरीब बौद्धतय्त थ्व समस्यां मुक्त याय् फइगु छगू हे जक उपाय खनेदु। व खः शीपमूलक कार्यक्रमया संचालन। डा. शाक्यजुं थ्व विषय्सं कुला बिज्याःगु पाय्छि ला खनेदु। तर नेपाःथें गरीब देया लागीं पाय्छी ज्वी फइ वा मफइ बिचायाय् बहगु खँ खः। सरकारी-स्तरे संचालित कार्यक्रमत हे सुथां मलाना वनेयोगु क्वीगु देशे जनस्तरं न्ह्याकेगु कार्यक्रमे शंका याय्गु यक्को थाय् दु। छुं नं ज्याया लागीं वयागु पूर्वाधारंनि दय्कय्के माः। बिना पूर्वाधारया कार्यक्रम बिना जगया छेंथेंतुं जुइफु। संक्षिप्तं बौद्धतय्त प्रोत्साहन बी फइगु सरल व व्यवहारिक ज्याया निति संचालन जुइ फय्के माः। दसुया लागीं छम्ह बौद्ध उद्यमि बौद्ध ज्याभितय्त यथोचित सहुलियतया व्यवस्था। बौद्ध व्यापारीं बौद्ध ग्राहकप्रति भतिचा जक जूसां आर्थिक सुविधाया व्यवस्था। हरेक क्षेत्रे बौद्धया नातां सद्भाव क्यने फय्केगु वातावरणंनि श्रृजना याय् फय्के माः। थुकथं सेवाया क्षेत्रे नं दसुया लागीं छम्ह बौद्ध डाक्टरं बौद्ध रोगीप्रति छुं भचासां थःगु फिस कोपाला बीगु भावना ब्वलंकेगु कुतः याय्माः। थजागु ज्या-खँय् ज्योति स्पाइनिङ्ग मिल्सया कुतः थौंकन्हे तसकं प्रशंसनीय जू। थजागु प्रोत्साहन बिइगु ज्यां याना बौद्धतय् दथुइ एकताया भावना ब्वलना वइ। भविष्ये बौद्धतय् संख्या न्हियान्हिथं अप्पो जुया वय् फइ। लिपाया लागीं पूर्वाधार दय्के फया वइ। थजागु सामान्य क्रियाकलापं भविष्ये बौद्धतय्त अप्पोलं अप्वो रोजगार चूलाकेगु अवसर दयावइ। भनाइया तात्पर्य छम्ह बौद्धयात इसाई जूवनेगु बाध्यताया अन्त जुइ। बौद्ध छम्ह बौद्धतुं जुया च्वने खनि। अस्तु।

★★★



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

## ＊ गतिविधि ＊

### २०५३ भाद्र ८ गते

"समग्गानं तपो सुखो" अर्थात् "मिलिजुलि बस्नु नै ठूलो सुख हो।" भन्नु हुने अनगारिका दो. गुणवती (मा. गुणवती) गुरुमाँ सांच्चै नै यसका प्रतिमूर्ति मान्न सकिन्छ। ३१ वर्ष नेपालमा बस्नु हुंदाको उहाँको व्यवहारबाट प्रभावित नहुने सायदै होला। जोसुकै व्यक्तिसँग पनि उतिकै मिलेर बस्न सक्नु, कहिल्यै पनि चुप लागेर नबसी केहि न केहि कार्य गरी रहन सक्नु नै उहाँको विशेषता थियो। २०२० साल आश्वीन ७ गते अनगारिकाद्वय धम्मवती र रत्नमञ्जरीका साथ नेपाल आउनु भई नेपालमा बुद्ध-धर्म उन्नति गर्न विशेष योगदान गर्नुभएका वहाँ धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका एक संस्थापिका पनि हुनुहुन्छ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारिय नियमित कार्यक्रममा उहाँले माथीका बुद्ध-वचनलाई नै स्पष्ट पार्न विभिन्न किसिमका आफुले भोगेका र अरु व्यावहारिक घटनाहरूलाई उपमाको रूपमा प्रस्तुत पार्नु हुंदै अध्ययन गोष्ठी परिवारले पनि यस वचनलाई हृदयंगम गरी जीवन यापन गर्न सकेमा सांच्चिकै सुख प्राप्त गर्न सक्नेछ भन्नुभयो। साथै अध्ययन गोष्ठीका परिवार बीच एक आपसमा सहयोगको भावना भएकोले नै समय समयमा विभिन्न रचनात्मक कार्यक्रमहरू गर्न सकेका हुन्। भविष्यमा पनि यसरी नै रचनात्मक कार्य गरी सामाजिक कार्यमा अझ अगाडी बढ्न सकोस् भनी आशिका पनि गर्नुभयो।

अन्तमा २ वर्ष अगाडी म्यानमार सरकारले वहाँलाई बोलाई जग्गा प्रदान गर्नुभएकोले स्वदेश फर्कनु भई हाल वहाँ नेपाल र म्यानमारको मित्रतालाई अझ बलियो पार्न यसको प्रतिकको स्वरूप "म्यानमार नेपाल विहार" को तयारीमा लाग्नु भएको छ। (सम्भवत सो विहार यही डिसेम्बरमा पुरा हुने कुरा पनि वहाँले व्यक्त गर्नुभयो।)

### २०५३ कार्तिक ३० गते – पत्रकार सम्मेलन

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको रजत जयन्तीको उपलक्ष्यमा गोष्ठीको विभिन्न गतिविधि तथा रजत जयन्ती कार्यक्रमको बारेमा जानकारी गराउने उद्देश्यले एक पत्रकार सम्मेलनको आयोजना गरिएको थियो।

वि. सं. २०२८ साल जेष्ठ ७ गते स्थापित यस गोष्ठीको मुख्य उद्देश्यहरू यसप्रकार रहेको छ।

(१) बुद्ध धर्मको अध्ययन गर्ने, (२) गाउँ गाउँमा गई धर्म प्रचार गर्ने, (३) बुद्ध शिक्षा सम्बन्धि पुस्तक तथा पत्र-पत्रिका प्रकाशन गर्ने, (४) देश विदेशका बौद्ध विद्वानहरूको स्वागत गरी सम्बन्ध विस्तार गर्ने। यी उद्देश्यहरूलाई पूरा गर्ने क्रममा यस गोष्ठीले सक्रिय भूमिका निभाउँदै आइरहेको विषयमा उक्त पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो।

यसका अतिरिक्त नेत्रदान, रक्तदान, अस्थायी प्रवज्या, ध्यान शिविर, बुद्ध धर्मको विकास र प्रचार प्रसारको उद्देश्यले समसामयिक विचार गोष्ठी, प्रवचन गोष्ठी, शीप मूलक तालिम तथा प्रशिक्षण, तीर्थयात्रा, नाटक प्रदर्शन, कोचिंग कक्षाहरू संचालन र साथै विभिन्न बौद्ध संघ संस्थाहरूलाई आवश्यक परेको बेला स्वयम् सेवकको रूपमा यस गोष्ठीले सक्रिय भूमिका निभाउँदै आइरहेको विषयमा जानकारी गराइएको थियो।

गोष्ठीका सल्लाहकार श्री लोकदर्शन बज्राचार्यले पत्रकारहरूले सोधेका विभिन्न प्रश्नहरूको उत्तर दिनुहुँदै भन्नुभयो—यस गोष्ठीले नारी जातीलाई पारिवारिक शिक्षा दिई नारी जागरण ल्याई परिवार उत्थान गर्ने कार्यमा टेवा पुऱ्याउँदै आएको छ।"

पत्रकारहरूले सोधेका विभिन्न प्रश्नहरूको उत्तर दिने क्रममा गोष्ठीका अध्यक्ष अनगारिका धम्मवतीले गोष्ठीको स्थापना सम्बन्धमा, संस्थापक सदस्य श्री बरदेश मानन्धरले गोष्ठीको स्थापना कालदेखिको गतिविधिको बारेमा बताउनु भएको थियो। यसरी नै संस्थापक सदस्यहरू श्री मदनरत्न मानन्धर, श्रीमती



Downloaded from http://www.dhamma.digital

कीर्ति तुलाधर, श्रीमती रीना तुलाधर आदिले आ-आफ्नो सम्बन्धित विषयमा उत्तर दिनुहुँदै यस गोष्ठीबाट आफ्नो चरित्र सुधार र व्यक्तित्व विकास गर्ने कार्यको शिलसिलामा आफ्नो अनुभवहरू पनि बताउनु भयो ।

रजत जयन्ती समारोहमा संचालित विभिन्न क्रियाकलापहरू बारे जानकारी गराइएको उक्त पत्रकार सम्मेलनमा बर्माबाट पाल्नु भएकी अनगारिका दो. गुणवतीको पनि उपस्थिती थियो । यस कार्यक्रम गोष्ठीका सदस्य श्री सोभियतरत्न तुलाधरले संचालन गर्नुभएको थियो ।

## २०५३ कार्तिक १७ गते

यस दिन गोष्ठीका सदस्य श्री सोभियतरत्न तुलाधरले बुद्ध धर्मका विशेषताहरूमध्ये एक "मध्यम मार्ग" को बारेमा बताउनु भयो । यस क्रममा उहाँले भन्नुभयो—"मानिस धार्मिक बन्नुमा विभिन्न कारणहरू हुन्छन् । जसमा मुख्यतया धर्ममा निहीत भएका गुण नै मुख्य विषय हुन जानेछ । त्यस्तै गरी बुद्ध धर्म अनुयायी बन्नुमा धेरै कारणहरूमध्ये मध्यम मार्ग एक हुन आउँछ । मध्यम मार्गको कारणबाट नै बुद्ध धर्मलाई हामीले प्रजातन्त्रवादी भन्न सक्छौं । बुद्धले धेरैजसो नियम उपनियम बनाउनुको मुख्य कारण पनि यही मध्यम मार्गलाई नै लिन सकिन्छ । जसको कारण हामीले बहुमतको कदर भएको संज्ञा दिन सक्छौं । कुनै पनि संघ संस्था चिरस्थाई हुनुको मुख्य कारण पनि यही मध्यम मार्ग नै हो । आलोचकहरूको पनि कुरा सुनिदिने र समर्थकहरूको पनि कुरा सुनिदिएर दुबै पक्षका विचारलाई ध्यान दिने गर्दा कुनै पनि व्यक्ति, संस्था, समाज, राष्ट्र र अनि धर्मको भलाई र चिरस्थाई नै हुन्छ न कि पतन र लोप हुनेछ ।

भगवान् बुद्धले पनि शुरुमा मध्यम मार्ग अपनाएर मात्र बुद्धत्व प्राप्त गर्नुभएको थियो । यो नै सफलता हासिल गर्ने एकमात्र उत्तम मार्ग हो । त्यसैले हामीले आफ्नो दैनिक जीवनमा आइपर्ने अवस्थाहरूलाई मध्यम मार्गको नीति अपनाउन सकेमा पक्कै पनि सफलता हासिल गर्न सक्नेछौं ।"

उक्त कार्यक्रम गोष्ठीका सदस्य श्री कल्पना शाक्यको सभापतित्वमा संचालन भएको थियो भने कार्यक्रमको संचालक श्री कमलमुनी शाक्य र रिपोर्टिंग कार्य श्री ध्रुबरत्न स्थापितले गर्नुभएको थियो ।

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको रजत जयन्ती

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले २५ वर्ष पूरा गरेको उपलक्ष्यमा २०५३ मंसीर १ गतेका दिन रजत जयन्ती समारोह सम्पन्न गरेको छ । मंगल पाठ गरी शुरु गरिएको उक्त समारोहमा गोष्ठीका सचिव अगम्यरत्न कंसाकारले स्वागत भाषण गर्नुभएको थियो । रजत जयन्ती समारोहको उदघाटन जनसंख्या तथा वातावरण मन्त्री श्री प्रकाशमान सिंहले गर्नुभएको थियो । त्यस्तै गोष्ठीका संस्थापक सदस्य श्री बरवेश मानन्धरले गोष्ठीको परिचय दिनुभएको थियो ।

सो अवसरमा मन्त्री सिंहले रीना तुलाधरद्वारा संकलित एवं लिखित "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष" नामक पुस्तकको विमोचन गर्नुभएको थियो । यसरी नै उहाँबाट बर्मी अनगारिका दो. गुणवतीलाई धर्मकीर्तिको प्रतिक चिन्ह र गोष्ठीका धर्मानुशासक भिक्षु अश्वघोष महास्थविर, अ. दो. गुणवती र अध्यक्ष अ. धम्मवतीलाई चीवर र वस्त्र प्रदान गरिएको थियो । गोष्ठीका संस्थापकहरूलाई युवा बौद्ध समूह काठमाडौं, युवक बौद्ध मण्डल ललितपुर, धर्मोदय सभा, का. म. न. पा. का मेयर र ल. पु. उप म. न. पा. का मेयर र स्वयम्भू ज्ञानमाला भजन खलःका तर्फबाट शुभकामना उपहार र अभिनन्दन-पत्र प्रदान गरिएको थियो ।

सो समारोहमा गोष्ठीको स्थापनाकाल देखिको फोटो प्रदर्शनी र गोष्ठीद्वारा प्रकाशित पुस्तकहरूको पनि प्रदर्शन गरिएको थियो । विहार निर्माण कार्यमा विशेष योगदान दिनु हुने दाताहरूलाई प्रशंसा-पत्र वितरण गर्नुका साथै बर्मा नेपाल बिहार निर्माणार्थ विभिन्न दाताहरूले यथाशक्य चन्दा दान प्रदान गरिएको सो कार्यक्रममा विभिन्न महानुभावहरूले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए ।

मन्तव्य व्यक्त गर्ने क्रममा प्रमुख अतिथि मन्त्री



Downloaded from http://www.dhamma.digital

प्रकाशमान सिंहले बुद्धको शान्ति सन्देशलाई फैलाई सामाजिक विकृती हटाउँदै गई बुद्ध वचनलाई व्यवहार-मा उतार्न सकेमा मात्र हाम्रो जीवन सफल हुने कुरा बताउनु भयो ।

म्यानमारका राजदूत श्री उ खें माँ आँ औंले म्यानमारले लुम्बिनी विकासका लागि विशेष अभिरूचि लिएको कुरा बताउनु हुँदै बुद्धको उपदेशलाई सबैले मनन गर्नुपर्ने कुरा उल्लेख गर्नुभयो ।

गोष्ठीका धर्मानुशासक भिक्षु अश्वघोष महास्थविरले धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले धर्म प्रचार कार्यको साथसाथै विभिन्न रचनात्मक कार्यहरूलाई पनि गतिशीलता प्रदान गर्दै यस गोष्ठीलाई २५ वर्षदेखि हालसम्म निरन्तरता दिन सकिरहनु सराहनीय कार्य हो भन्नुभयो ।

काठमाडौं महानगर पालिकाका प्रमुख पी. एल. सिंहले जुनसुकै कार्य गर्नको लागि पनि सामुहिक सहयोग-को आवश्यकता हुने कुरा बताउनु भयो ।

ललितपुर उप-महानगर पालिकाका प्रमुख बेखारत्न शाक्यले आजको समाजमा बुद्ध शिक्षालाई अनुकरण गरी व्यवहारिक हुन आवश्यक भएको कुरा बताउनु भयो ।

बर्मी अनगारिका दो. गुणवतीले धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीलाई निरन्तरता दिई रहन सक्नुको मुख्य कारण नै सदस्यहरूको बीच लगनशीलता र मिलनसार बानीले गर्दा हो भन्नुभयो । यसको साथसाथै यस गोष्ठीको जग बसाल्न गोष्ठीका सदस्यहरूले शुरुमा टिटौरा र कागजको फूलहरू बनाई बेची आर्थिक सहयोग जुटाएको कुरा स्मरण गर्नुहुँदै यस कार्यले गोष्ठीको रचनात्मक कार्यहरूलाई अगाडी बढाउन मद्दत भएको कुरा उल्लेख गर्नुभयो ।

गोष्ठीका सल्लाहकार लोकदर्शन बज्राचार्यले धर्मकीर्ति विहार र धर्मकीर्ति अध्ययन गोष्ठीको स्थापना भएदेखि यहाँ भाग लिने धेरैजसो परिवारमा आपसी मनमुटाव कम भएको महशूस गरिएको कुरा उल्लेख गर्नुभयो ।

श्रीमती कीर्ति तुलाधरबाट संचालित उक्त समारोहमा गोष्ठीका उपाध्यक्ष श्री अमृतरत्न ताम्राकार-बाट धन्यवाद ज्ञापन गर्नुभएको थियो भने गोष्ठीका अध्यक्ष अनगारिका धम्मवतीले सभापतिको आशनबाट बोल्नु हुँदै भन्नुभयो—"अध्ययन गोष्ठी स्थापनाकाल-देखि सदस्यको रूपमा रहनुभएका कार्यकर्ताहरू हालसम्म पनि एक आपसमा मिली सक्रिय रूपमा कार्यरत रही यस गोष्ठीलाई क्रियाशील बनाउन सकेकोले उहाँहरूको यस कार्यलाई सराहनीय मान्न सकिन्छ । यसरी सक्रिय कार्यकर्ताहरूको जन्म दिन सक्नु नै धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको उद्देश्यहरूमध्ये एक मान्न सकिन्छ ।"

### स्वागत कार्यक्रम

२०५३ मंसीर २ गते धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको लक्ष्य अनुरूप बर्मा (म्यानमार) बाट आउनु भएका करिब ३६ जना विदेशी पाहुनाहरूलाई धर्मकीर्ति विहारमा स्वागत गरियो ।

### प्रबज्या कार्यक्रम

अन्तर्राष्ट्रिय भिक्षुणी संघ लुम्बिनीमा धर्मकीर्ति विहारको आयोजनामा मंसीर ११ गते देखि एकहप्ता सम्मको लागि १७ जवान महिलाहरूलाई दुर्लभ अनगा-रिका प्रबज्या र ४७ जवान महिलाहरूलाई ऋषिनी प्रबज्या कार्यक्रम सम्पन्न गरिएको छ ।

---

धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरू—

क्र. सं. २१३

पुष्कर तुलाधर
लाजिम्पात
रू. १००५।–

क्र. सं. २१४

मयजु रूपा श्रेष्ठ
पो. ब. नं. ६९२९, काठमाडौं
रू. १०१०।–

क्र. सं. २१५

योगमणी ताम्राकार
पोखरा, वडा नं. २
रू. १००५।–



Downloaded from http://www.dhamma.digital

# धर्मप्रचार

# ★ गतिविधि ★

## लुम्बिनीमा अशोक स्तम्भ शतवार्षिकी महोत्सव

मंसीर १६ गते—गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा अशोक स्तम्भ पत्ता लागेको एकसय वर्ष पूरा भएको अवसरमा आयोजित लुम्बिनी पुनः आविष्कार शत–वार्षिकी महोत्सव (मंसीर १६–२०) युवा खेलकूद तथा संस्कृती मन्त्री एवं लुम्बिनी विकास कोषका अध्यक्ष बलबहादुर के. सी. ले उद्घाटन गर्नुभएको छ। करीब एकसय वर्ष अगाडी दुई प्रमुख पुरातत्वविद खड्ग शमशेर राणा (नेपाल) र डा. एलिस फ्युहरर (जर्मनी) ले लुम्बिनीमा पत्ता लगाएका यस अशोक स्तम्भमा लुम्बिनी बुद्धको जन्मस्थल भएको पुष्टी गरिएको छ। मौर्य सम्राट अशोकले आपनो राज्यारोहणको बीसौं वर्ष ई. पू. २४९ मा लुम्बिनी तीर्थ यात्रा गर्दा उक्त शीलास्तम्भ निर्माण गराएका थिए।

उद्घाटन समारोहमा मन्त्री के. सी. ले बुद्धको जन्मभूमि नेपालको लुम्बिनी हो भनी प्रमाण प्रस्तुत गर्ने यस अशोक स्तम्भको महत्व बुद्धको जन्म जतिकै अतुलनीय रहेको कुरा पनि बताउनु भयो।

स्वागत भाषण गर्नुहुँदै लुम्बिनी विकास कोषका उपाध्यक्ष भिक्षु विमलानन्द महास्थविरले बुद्धको जन्मस्थल लुम्बिनीमा सबैको सहयोगले अगाडी बढ्न खोज्दै गरेको विकासको गतिलाई अझ अगाडी बढाउनको लागि सबैको सहयोगको अपेक्षा गर्नुभयो।

यस महोत्सवमा बिजुलीको सजावटलाई हेर्दा यसलाई बिजुली उत्सवको संज्ञा दिन सक्ने चर्चा गरिएको पनि सुनिन्छ।

श्रीलङ्का, बर्मा, कोरीया, भियतनाम, जापान, चीन, भारत र नेपाल आदि देशका राष्ट्रबाट मात्रै करीब २०० जवान भिक्षु भिक्षुणीहरुले भागलिनु भएको हुनाले यसलाई महोत्सवको विशेषताहरूमध्ये एकको रूपमा लिन सकिन्छ।

यस महोत्सवमा भिक्षु र लामा गुरुहरूबाट बुद्ध धर्म सम्बन्धि प्रवचन, लुम्बिनी उद्यानमा धार्मिक जुलूस, पुरातात्विक वस्तुहरूको प्रदर्शनी, भगवान् बुद्धको जीवनी सम्बन्धि सांस्कृतिक कार्यक्रम, चर्या नृत्य, लुम्बिनी क्षेत्रको विकासमा संलग्न भएका विभिन्न सहभागी देशका सांस्कृतिक कार्यक्रम, खाद्य मेलाको आयोजना, हात्ती बयलगाडाबाट लुम्बिनीको दृश्यावलोकन, गौतम बुद्धको जीवनीसँग सम्बन्धित वृत्तचित्र प्रदर्शन, कपिलवस्तु पुरातात्विक क्षेत्र भ्रमण, रामग्रामको पुरातात्विक एवं ऐतिहासिक स्थलको भ्रमण आदि कार्यक्रमहरू समावेश गरिएका थिए। यसरी यस समारोहले लुम्बिनी तीर्थस्थलको महत्वलाई प्रष्ट्याइएको थियो।

यस समारोह अवधिमा लुम्बिनी उद्यानमा करीब १ वर्ष अवधिभरमा निर्माण कार्य सम्पन्न गरिने लक्ष राखिएको चीन सरकारबाट निर्माण गरिने विहारको शिलान्यास कार्य पनि सम्पन्न गरिएको थियो।

यसरी नै ९ महिना अवधिभरमा बर्मा सरकारको तर्फबाट निर्माण कार्य सम्पन्न गरिएको "लोकमुनी" चैत्य दर्शनीय भएको छ।

अन्तर्राष्ट्रिय भिक्षुणी संघ धर्मकीर्ति विहार नेपालको तर्फबाट ३ तल्ले धर्मशालाको निर्माण कार्य सम्पन्न भई निर्माणाधीन बुद्ध मन्दिरको पनि हालसालै निर्माण कार्य सम्पन्न हुन लागेको देखिन्छ।

सम्पूर्ण व्यवस्था मिलाउन सफल हुँदा–हुँदै पनि यस समारोहमा दर्शकको रूपमा उपस्थित भएका साधारण यात्रु वर्गका लागि भने खाने र बस्ने व्यवस्थाको सुविधा राम्रो हुन नसकेको महसूस भएको विषयमा चर्चा गरिएको छ। काठमाडौं ज्यापु खलःका बाँसुरी बाजा र धिमेबाजा, ओमबहालका धाः बाजा, बुटवल, तानसेन र काठमाडौंका ज्ञानमाला संघको रमाइलो कार्यक्रमले गर्दा लुम्बिनी महोत्सवलाई अझ रमणीय तुल्याइएको देखिन्थ्यो।



Downloaded from http://www.dhamma.digital

## कठिन उत्सव सम्पन्न

विभिन्न स्थानका विहारहरूमा वर्षावास सम्पन्न भएको उपलक्ष्यमा भिक्षु संघलाई कठिन चीवर दान पुण्य कार्यक्रम सम्पन्न भएको समाचार प्राप्त भएको छ। कठिन उत्सव सम्पन्न भएका विहारहरूको नामावली—

१. आनन्दकुटी विहार, २. श्रीघः विहार, ३. मातातिर्थ विहार, ४. गण महाविहार, ५. विश्वशान्ति विहार, ६. मणींमण्डप विहार, ७. श्रीकीर्ति विहार, कीर्तिपुर, ८. सुमंगल विहार, ९. पाटी विहार, थिमी, १०. बौद्ध समकृत विहार, भक्तपुर, ११. ध्यानकुटी विहार, बनेपा, १२. बोधिचर्या विहार, १३. पूर्वाराम विहार, धुलिखेल, १४. मुनि विहार, भक्तपुर, १५. सुगतपुर विहार, त्रिशूली, १६. अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूल, १७. संघाराम विहार, १८. शाक्य सिंह विहार, चाबहिल विहार आदि।

## कठिन उत्सव सम्पन्न

पोखरा कार्तिक २१ गते— धर्मशीला बुद्ध विहार पोखराको हाताभित्र मैत्रीसंघ पोखराको आयोजनामा भिक्षु श्रद्धानन्द वर्षावास बस्नुभएको उपलक्ष्यमा कठिन उत्सव सुसम्पन्न भएको समाचार प्राप्त भएको छ।

कठिन दान र अष्ट परिष्कार दान बारे भिक्षु धर्ममूर्तिले धर्मदेशना गर्नुभएको उक्त समारोहमा भिक्षु कीर्तिज्योतिबाट शील प्रार्थना गराउनु भएको थियो। बुद्ध–पूजाबाट शुभारम्भ भएको सो कार्यक्रममा मैत्रीसंघ पोखराका अध्यक्ष विश्व शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने संघका का. का. सदस्य श्री रविन्द्र माकजुले स्वागत गर्नुभएको थियो।

## कार्तिक १० गते, कर्तिपुन्ही महोत्सव

श्री सुगतपुर विहार त्रिशूलीमा त्रिरत्न गुणानुस्मरण गरी आमिस पूजाका विभिन्न सामग्रीहरू भगवान् बुद्धको प्रतिमा समक्ष अर्पण गरी बुद्ध-पूजा गरी कर्तिपुन्ही महोत्सव सम्पन्न गरिएको समाचार प्राप्त भएको छ। सो अवसरमा थाईल्याण्डका भिक्षु विवात तेचवन्नो समक्ष शील प्रार्थना गरिएको थियो। भिक्षु विवात तेचवन्नो सुगतपुर विहारमा बुद्ध सम्बत् २५४० औं को वर्षावास बस्नु भएको थियो। वर्षावासको अन्तिम दिन कर्तिपुन्हीका दिन समापन समारोह गरी उहाँको सम्मानमा सुगतपुर विहारका उपासक उपासिकाहरूको तर्फबाट अष्ट परिष्कार पनि प्रदान गरिएको थियो। सुगत बौद्ध मण्डलका अध्यक्ष बोधिरत्न शाक्यबाट भगवान् बुद्ध स्वयम्ले वर्षावास ३ महिनासम्म देशना गर्नुभएको अभिधर्मको महिमा बारे व्याख्या गर्नुभएको थियो।

सोही दिन बेलुकी दीप प्रज्वलित गरी ध्यानभावनाको कार्यक्रम पनि सम्पन्न गरिएको समाचार छ।

## भिक्षु सुदर्शन महास्थविरलाई सम्मान

२०५३ कार्तिक २१ गते—नेपाल भाषा परिषद्ले नेपाल भाषाका विद्वान लेखक तथा अन्वेषक भिक्षु सुदर्शन महास्थविरलाई "मानार्थं भाषा बुवा" को उपाधिले बुधबार सम्मानित गऱ्यो। विगत ४ दशक अघिदेखि नेपाल भाषाको क्षेत्रमा कविता, निबन्ध, एकांकी नाटक, बौद्ध धर्म सम्बन्धी ग्रन्थ लेखन र सम्पादन गर्दै आउनुभएका भिक्षु सुदर्शन महास्थविरले ७ महिना जेल जीवन पनि बिताउनु भएको छ।

ललितपुरको बखं बहालमा जन्मनुभएका भिक्षु सुदर्शनले १२ वटा पूर्णाङ्गी नाटक लेख्नुभएको छ। उक्त समारोहमा यस वर्षको चित्तधर सिरपा ज्ञानमाला भजन खलः स्वयम्भूलाई प्रदान गरिएको छ। पुरस्कारको राशी रू. १५ हजार रहेको छ। वि. सं. १९९४ सालमा ज्ञानमाला भजन खलःको स्थापना भएदेखि हालसम्म ज्ञानमालाको १६ वटा संस्करण प्रकाशित भइसकेका छन्। हाल ज्ञानमाला भजन खलःको श्रीघः विहार नघल लगायत अधिराज्यको विभिन्न भागमा शाखाहरू संचालनमा रहेका छन्। यसको आजीवन सदस्य संख्या ७ सय ५० पुगेको बताइएको छ। यस वर्षको ठाकुरलाल पुरस्कार निबन्धकार रमेशकाजी स्थापितलाई प्रदान गरिएको छ। सो पुरस्कारको राशी रू. १० हजारको रहेको छ। उक्त अवसरमा पुरस्कार वितरण गर्दै साहित्यकार सत्यमोहन जोशीले नेपाल भाषालाई व्यापक



Downloaded from http://www.dhamma.digital

रूपमा फैलाउन सबैले ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनु भयो। राजपरिषद्का सदस्य कनकमान शाक्यले यस्तो कार्यक्रमले भाषा, संस्कृति र धर्मको संस्करणमा सघाउ पुग्ने विचार व्यक्त गर्नुभयो।

## प्रवचन तथा छलफल

आनन्द विहार क्याम्पस शाक्य सिंह विहार पाटनको आयोजनामा सोही विहारमा बुद्ध धर्म सम्बन्धी अध्ययन, अध्यापन, अन्वेषण, अनुशीलन र उपादेयताको आवश्यकता बारे विभिन्न बौद्ध निकायका विद्वानहरुद्वारा पत्र प्रस्तुति, प्रवचन तथा छलफल कक्षागत २०५३ साल कार्तिक २ गतेदेखि प्रत्येक शुक्रबार संचालन भइरहेको समाचार प्राप्त भएको छ। यही शिलशिलामा मंसीर ७, १४ र २१ गते प्रवक्ताहरू क्रमशः भिक्षु जटिल—"विभिन्न वादहरू", श्री मीनबहादुर शाक्य—"बोधिचित्तको अभ्यास" र प्रा. आशाराम शाक्य—"महायान दर्शन" विषयमा प्रवचन कार्यक्रम सम्पन्न भएको समाचार छ।

## मंसीर ६ गते गोष्ठी सम्पन्न

श्री बखतबहादुर चित्रकारको सभापतित्वमा धर्मचक्र विहारमा थेरवाद बौद्ध दायक परिषद्द्वारा आयोजित बुद्ध धर्म र दर्शनका मौलिक मार्गहरू विषयको गोष्ठी सम्पन्न भएको समाचार प्राप्त भएको छ। उक्त गोष्ठीमा विभिन्न महानुभावहरूले आ–आफ्नो मन्तव्य यसरी व्यक्त गर्नुभएका थिए।

लोकबहादुर शाक्य—"श्रावकयान, महायान र वज्रयान आदि बुद्ध दर्शनमा संलग्न भएका विषयहरू १. त्रिरत्न शरण एवं पञ्चशील, २. चतुआर्य सत्य, ३. आर्य अष्टाङ्गिक मार्ग, ४. चतु ब्रह्म विहार, ५. षटपारमिता, ६. दश पारमिता, ७. दश अकुशल कर्महरू, ८. दश कुशल कर्महरू, ९. द्वादशाङ्ग, १०. प्रतित्य समुत्पाद, ११. इन्द्रिय, १२. पञ्चस्कन्ध, १३. चतुस्मृत्यप्रस्थान आदि छन्।"

भिक्षु अश्वघोष—"हामीलाई पञ्चशील पालनले मात्र प्रयाप्त हुँदैन। यसबाहेक सम्यक दृष्टि र सम्यक संकल्पको भावना जगाउनु पर्ने र बौद्ध चरित्र हुनुपर्ने देखिन्छ। आध्यात्मिक उन्नतिको निमित्त आर्थिक उन्नतिको पनि आवश्यक देखिन्छ र महापरित्राण र सम्यक दान जस्तो कार्यमा मात्र भुली भिक्षुहरूलाई दिइने अष्ट परिष्कार दानलाई दाइजोको रूपमा दिनु राम्रो होइन।"

भिक्षु जटिल—"भिक्षुहरू गाउँ–गाउँमा पनि गई धर्म प्रचार गर्नुपर्ने र प्रत्येक जनजातिबाट पनि भिक्षु र आचार्यहरू बन्न सकेमा आ–आफ्नै भाषाको माध्यमबाट बुद्ध धर्म सिकाउन सजिलो पर्ने देखिन्छ।"

भिक्षु विशुद्धानन्द—"विभिन्न बौद्ध समुदायमा एकताबद्ध भई समन्वय समिति खडा गर्नुपर्ने देखिन्छ।"

अ. धम्मवती—"बुद्धयान एउटै मात्र छ। हाल देखापरेका विभिन्न सम्प्रदायहरू पछि मात्र सिर्जना भएका हुन्। मानिसहरूमा मोहको कारणले नै लोभ द्वेष उत्पन्न हुने गर्छ। त्यसकारण ज्ञान मात्र नै सबभन्दा माथिल्लो तहमा लिन सकिन्छ भने भक्ति मार्गलाई तल्लो तहमा लिन सकिन्छ।"

यसरी नै श्री भक्तिदास श्रेष्ठ, श्री दीपक गुरुङ्ग, श्री रामानन्द प्रसाद सिंह, श्री विद्याभूषण बज्राचार्य, श्री सत्यमोहन जोशी र श्री आशारत्न तण्डुकारज्यू आदि महानुभावहरूले आ–आफ्नो मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा सचिव श्री विष्णुरत्न शाक्यले स्वागत भाषण गर्नुभएको थियो भने उपाध्यक्ष श्री कृष्ण कुमार प्रजापतिले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

## आश्वीन पूर्णिमा महोत्सव

भोजपुर टक्सारस्थित शाक्यमुनी बिहारमा श्री देवराज शाक्यको संयोजकत्वमा २०५३ आश्वीन पूर्णिमा महोत्सव विभिन्न कार्यक्रमहरू गरी सुसम्पन्न भएको समाचार प्राप्त भएको छ। पञ्चबुद्ध चैत्य वरिपरि सरसफाई, माल्यार्पण, शील प्रार्थना, बुद्ध–पूजा, ज्ञानमाला भजन र दाफा भजन समेत गरिएको उक्त समारोहमा मोरङ्ग जिल्ला धर्मोदय सभा शाखाका अध्यक्ष बिराटनगर बिराट बौद्ध संघका सचिव श्री सत्यनारायण ताम्राकारज्यूले बुद्धको सिद्धान्त बारे



Downloaded from http://www.dhamma.digital

प्रकाश पार्नुभएको थियो। श्री देवराज शाक्यज्यूले आश्वीन पूर्णिमा र वर्षावास समाप्तिको दिन बारे प्रकाश पार्नु हुँदै शाक्यमुनी विहारमा थेरवादी भिक्षुहरू शाक्यानन्द, सुबोधानन्द, विवेकानन्द, सुगतानन्द, प्रज्ञारश्मी र भिक्षुणीहरू सुशीला र रत्नमञ्जरी आदिको गुणानुस्मरण गर्नुभयो। साथै भिक्षु प्रज्ञारश्मीले आफ्नो जीवितकालमै शाक्यमुनी विहार भोजपुरमा "कतिपुन्ही (कोजाग्रत पूर्णिमा") को लागि भनी आफ्नो नाममा रू. १०००।— प्रदान गर्नुभएको हुँदा सोही रकमबाट प्राप्त ब्याजबाट पुण्य कार्य सम्पन्न भैरहेको बारे प्रष्ट्याउनु हुँदै अन्तमा दिवंगत भिक्षु प्रज्ञारश्मीको पुण्यानुस्मरण गर्दै पुण्यानुमोदन पनि गरिएको समाचार छ।

ढीलो प्राप्त भएको समाचार अनुसार शाक्यमुनी विहारमा धार्मिक प्रवचन, ज्ञानमाला भजन, बुद्ध-पूजा आदि गरी एक महिने गुँला धर्म सम्पन्न भएको छ।

## जिल्लास्तरिय महिला भेला

भोजपुर, असोज १ र २ गते— सामुदायीक भवन भोजपुरमा नेपाल तामाङ्ग घेदुङ्ग (संघ) जिल्ला कार्य समिति भोजपुरको आयोजनामा जिल्लास्तरिय महिला भेला सम्पन्न भएको समाचार प्राप्त भएको छ। सो समारोहको कार्यक्रम यसरी संचालन भएको थियो।

श्रीमती गोमा योन्जन—भगवान् बुद्धको अगाडि बत्ती बाली उद्घाटन। पद्म योन्जन—त्रिरत्न पाठ। सुश्री सुशील योन्जन—उद्घोषण। सुश्री देवी योन्जन —अध्यक्षता ग्रहण। श्री कुमार योन्जन, श्री सम्बर मोक्तान, सुश्री उत्तरा योन्जोन, सुश्री बीणा मोक्तान र साथीहरू—स्वागत गीत। प्र. जि. अ. श्री तारानाथ शर्मा, श्री शेरबहादुर मोक्तान, श्री भरत ताम्राकार, श्रीमती बिष्णु कुमारी राई, सुश्री चन्द्रकला पुलामी, सुश्री सुमित्रा धामी—शुभकामना मन्तव्य। श्री केशर बल, श्री शेरबहादुर मोक्तान, सुश्री कमला योन्जन— कार्यपत्र प्रस्तुत। सुश्री कमला योन्जन—स्वागत भाषण। ७५ जवान महिला सहभागीहरूले भाग लिनुभएको सो कार्यक्रममा सम्पूर्ण सहभागीहरूको एकमतले बौद्ध धर्मको विकास तथा संरक्षण, बिबाह र मृतकको कार्यमा बौद्ध परम्परा बसाल्नु पर्ने, तामाङ्ग भाषाको विकास गर्नुपर्ने, महिलाहरूमा प्रौढ शिक्षा तथा उच्च शिक्षा र शीपमूलक कार्य योजना उपलब्ध गराइनु पर्ने विषयमा जोड दिइएको थियो।

अन्त्यमा श्री जगतबहादुर योन्जनको संयोजकत्वमा रहेको ३ सदस्यीय चुनाव आयोगमा सदस्य श्री राम घिसिङ्गको सक्रियतामा १४ सदस्यीय जिल्ला महिला समिति निर्विरोध गठन भई उपाध्यक्ष श्री पद्म योन्जनले शपथ दिलाउनु भएको थियो।

१४ जवान सदस्यहरूको नामावली—१. अध्यक्ष सुश्री देवी योन्जन, २. उपाध्यक्ष सुश्री कल्पना सिंगार, ३. सचिव सुश्री उत्तरा योन्जन, ४. सह-सचिव सुश्री कौशल्या घिसिङ्ग, ५. कोषाध्यक्ष सुश्री सुशीला योम्जन, ६. सदस्य सुश्री लीला सिंगार, ७. सदस्य सुश्री बीना मोक्तान, ८. सदस्य सुश्री शान्ति पाखीन, ९. सदस्य सुश्री कुसुम पाखिन, १०. सदस्य श्रीमती इन्द्रकुमारी बैद्य, ११. सदस्य श्रीमती बुधमाया योम्जन, १२. सदस्य श्रीमती फूलमाया बल, १३. सदस्य श्रीमती सीता खम्बा पाखीन, १४. केन्द्रिय प्रतिनिधी सुश्री कमला योन्जन।

## ध्यान र योगाभ्यास शिविर

श्री बोधिसत्व विहार चैनपुरमा २०५३ असोज ७ गते देखि करीब एक हप्तासम्म श्री चन्द्रज्योती शाक्यको संयोजकत्वमा श्री ऋषोकुमार कल्याणमित्रज्यूले विहारका उपासक उपासिकाहरू, सरकारी कर्मचारी र अन्य भद्र भलादमीहरूका लागि योगाभ्यास र ध्यान कार्यक्रम संचालन गर्नुभएको समाचार प्राप्त भएको छ।

## पुरस्कार प्रदान

सम्यक शिक्षा समूह, धरान—२०५२ साल माघ महिनामा संचालित परियत्ति शिक्षाका विभिन्न परिक्षाहरूमा सम्यक शिक्षा समूह धरान तर्फबाट परिक्षा दिई उत्तीर्ण भएका विद्यार्थीहरूलाई एक समारोहका बीच पुरस्कार प्रदान गरिएको समाचार प्राप्त भएको छ। उत्तीर्ण भएका विद्यार्थीहरुको नामावली— कक्षा १— प्रथम श्रेणी—देवमाया शाक्य र मनिष ताम्राकार। द्वितीय श्रेणी—श्रीमती इन्द्रिरा हलुवाई, श्रीमती इन्द्र



Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

"बुद्ध शासने मिसापिनि देन" विषयक विचार गोष्ठी खर्च याना द्यूपिं दातापिनि नामावली

| | |
|---|---|
| १. कल्याणी तुलाधर | २. समा तुलाधर |
| ३. कान्ती तुलाधर | ४. सुमन तुलाधर |
| ५. प्रफुल्ल कमल तुलाधर | ६. कीर्ति तुलाधर |
| ७. रमा कंसाकार | ८. मीना तुलाधर |
| ९. प्रेमहेरा तुलाधर | १०. नलिनी राजकर्णिकार |
| ११. लोचन तारा तुलाधर | १२. रीना तुलाधर |

बिचाः हाय्का (रत्नबहादुर लुमन्ति)

धर्मकीर्ति पत्रिकाय् अटुट रूपं ग्राहक दयका गुहाली याना बिज्याम्ह बागबजार निवासी श्री रत्न ब. तण्डुकार २०५३।८।५ गते खुन्हु दिवंगत जूगुलि वय्कया पुण्य-स्मृतिस धर्मकीर्ति पत्रिकापाखें बिचाः हाय्का च्वना ।

अनिच्चावत संखारा

बुद्ध धर्मे अति श्रद्धा तयाच्वंम्ह दच्छि छको वा लच्छि छको गुरुमां भन्तेपिन्त निमन्त्रणा याना लुदंक दान पुण्य याना च्वंम्ह श्रद्धावान् उपासिका "कयोमां बज्राचार्य" व्वहे २०५३ कार्तिक १७ गते दिवंगत जुया बिज्याःगुलि वसपोलया पुण्य-स्मृतिस श्रद्धाञ्जली बेछाना च्वना । अध्यक्ष (अनगारिका संघ) व सकल गुरुमांपिं ।

---

लुम्बिनी ३०० सलं मयाक मनूत वना बद्री गुर्जुं धलं दंकेगु ज्या नं छगू चर्चाया खँ खः ।

★★★

## बिचाः हाय्का

अनिच्चावत संखारा, उप्पाद वय धम्मिनो ।
उप्पज्जित्वा निरुज्झन्ति, तेसं ऊपसमो सुखो ।



जन्म दिं – ११९९–६–९ मदुगु दिं – २०५३–६–२८

दिवंगत बेखानारायण महर्जन, कमलाछी

जिमि जहान बेखानारायण महर्जन २०५३।६।२८ गते खुन्हु आकाझाकां मदुगुलि वय्कया निर्वाणया कामना याना च्वना ।

– जहान राममाया महर्जन व
सकल परिवार, कमलाछी

बा. अ. का. द. नं. – ७०/०४०/४१ म. क्ष. हु. नि. का. द. नं. – ६/०४२/०४३

# बिचा: हायका

अनिच्चावत संखारा उप्पाद वय धम्मिनो ।
उप्पज्जित्वा निरुज्झन्ति, तेसं ऊपसमो सुखो ।



## मदुम्ह ताराहेरा तुलाधर

जन्म ने. सं. १०५० माघ शुक्लपक्ष द्वितीया
मदुगु ने. सं. १११७ कार्तिक शुक्लपक्ष पंचमी शुक्रबार

## धर्मकीर्ति पत्रिकाया विशेष सदस्य

मय्जु ताराहेरा तुलाधर ने. सं. १११७ कार्तिक शुक्लपक्ष खुन्हु
आकाझाकां मदुगुलिं दु:खं क:पिं छेंज:पिन्सं संसार
अनित्य ख: धका थुइके फय्मा धयागु
मनंतु से बिचा: हाय्का च्वना ।

सानुरत्न स्थापित, ज्याठा – धर्मकीर्ति पत्रिका

मुद्रक – नेपाल प्रेस, शुक्रपथ, काठमाडौं, नेपाल । फोन – २२ १० ३२, २२५ ४५०

Downloaded from http://www.dhamma.digital